म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१५ सोमबार, ४ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 17 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका
साझाकुरा
साझाकुरा राष्ट्रिय दैनिक
www.sajhakuranews.com

अखिल क्रान्तिकारीका बुद्ध र रामकृष्णले गरे उम्मेदवारी निष्क्रिय

## अनेरास्ववियुका प्रसिद्धलाई सघाउने

हेटौंडा, ३ चैत/मकवानपुर बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनको लागि अखिल क्रान्तिकारीको तर्फबाट उम्मेदवारी दिएका दुई विद्यार्थीले आफ्नो उम्मेदवारी निष्क्रिय पारेका छन् । अखिल क्रान्तिकारीको प्यानलबाट उम्मेदवारी निष्क्रिय पार्ने दुई विद्यार्थी नेविसंघका बुद्धबहादुर ब्रम्हु र रामकृष्ण घोरासैनी रहेका छन् । चैत्र ५ गते हुने स्ववियु निर्वाचनमा मकवानपुर बहुमुखी क्याम्पसमा अनेरास्ववियु र नेविसंघ संयुक्त प्यानल बनाएर चुनावमा जाने निर्णय भएकोले ब्रम्हु र घोरासैनीले एक विज्ञप्ति जारी गर्दै अखिल क्रान्तिकारीबाट आफूहरुको उम्मेदवारी नरहने बताएका छन् । उनीहरुको समर्थन नेविसंघ र अनेरास्ववियुका साझा उम्मेदवार प्रसिद्ध रेग्मीलाई रहेको बताए । मकवानपुर बहुमुखी क्याम्पसको स्ववियु अध्यक्षको लागि नेविसंघ र अनेरास्ववियुका साझा उम्मेदवार रेग्मी र अखिल क्रान्तिकारीका छोइसाङ लामा स्यान्ताङ उम्मेदवार छन् भने पुष्कर घिमिरेले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

# १६ करोड रुपैयाँ बढी लागतका आयोजनालाई बहुवर्षे ठेक्कामा स्वीकृत

साझाकुरा संवाददाता




हेटौंडा, ३ चैत/ बागमती प्रदेश सरकारले १६ करोड रुपैयाँभन्दा बढी लागतका आयोजनालाई बहुवर्षे ठेक्कामा स्वीकृत गरेको छ ।

यस्ता आयोजनालाई बहुवर्षीय ठेक्का प्रणालीमार्फत् तीन वर्षभित्र सक्ने गरी बजेट विनियोजन समेत हुने बागमती प्रदेशको नीति तथा योजना आयोगले जनाएको छ । चालू आर्थिक वर्ष २०८१/८२ मा २३ वटा आयोजना बहुवर्षे ठेक्काका लागि पहिचान भएका छन् । बजेट छुट्याएको वर्ष समयमा ठेक्का नलाग्दा काम नसकिने र अर्को वर्ष बजेट नै विनियोजन नहुँदा आयोजना नै अलपत्र हुने समस्या बढ्दै गएपछि धेरै लागतका आयोजनाको पहिचान गरी बहुवर्षे ठेक्का प्रणालीबाट काम गर्ने निर्णय भएको आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले बताए ।

१६ करोडदेखि ३० करोडसम्म लागतका आयोजना छनोट गरिएको र कुल चार अर्ब १६ करोडभन्दा बढी रकम विनियोजन भएको आयोगले जनाएको छ । बहुवर्षे ठेक्काका लागि श्रम रोजगार तथा यातायात मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलगायत निकायमातहतका २३ आयोजना छनोट भएको उनले बताए । उनका अनुसार सबैभन्दा धेरै सडक पूर्वाधार बहुवर्षेका लागि छनोट भएका छन् ।

सुनखानी मोहडा कमलामाई (सिन्धुली)मा २९ करोड र सिन्धुलीकै भीमस्थान चकमके हुँदै उदयपुर-कटारी सडक दोस्रो खण्डका लागि २५ करोड स्रोत सुनिश्चितता गरिएको छ । त्यस्तै, खाग्दल-दोभान-घर्तीटोल-बाह्रबिसे सिन्धुपाल्चोकबाट मथली-दोलन्सा खण्डमा २४ करोड, चाबहिल-साँखु हुँदै फट्केश्वर-सिन्धुपाल्चोकमा १६ करोड, पाँचपोखरी-थाङपाल सडक, मेलम्ची-भोताङ सडकमा पनि १६ करोड स्रोत सुनिश्चित गरिएको उपाध्यक्ष नेपालले जानकारी दिए ।

मुडे-मेलुङ-शीतली सडक, (दोलखा), त्रिशूली-सोले-मनकामना-काहुले-साल्मे-किम्ताङ सडक (नुवाकोट), भिरकोट-झुले-छौडे सडक (बैतेश्वर), तामाकोशी-दोलखा सदरमुकाम, दामन-पाखिन मार्गलगायतका सडक आयोजना बहुवर्षेमा परेका छन् । श्रम रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत गुर्जुधारामा भवन निर्माण गर्ने र खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तगर्त पूर्वी राप्तीखोला तटबन्ध लोथर दोभानदेखि सौराहासम्म मर्मत कार्य) का लागि स्रोत सुनिश्चित गरिएको नेपालले जानकारी दिए ।

धादिङ जिल्लाको सदर मुकामबाट उत्तरीक्षेत्रका बिकट बस्ती जोड्ने मुख्य मार्गको रुपमा रहेको धादिङबेसी-साङकोष-तिप्लिङ सडकखण्डलाई दामन पाखिन मार्गको रुपमा विकास गरिने भएको छ । नेपाली काँग्रेस धादिङका संस्थापक एवम् तत्कालीन सभापति दामन पाखिनको स्मृतिमा धादिङबेसी-साङकोष-तिप्लिङ (रुबीभ्याली) सडक खण्डलाई दामन पाखिन मार्ग घोषणा गरिएको हो ।

धादिङको साबिक सत्यदेवी गाविसका पाखिन २०४७ सालमा धादिङ क्षेत्र नम्बर १ वाट प्रतिनिधिसभामा निर्वाचित भएका थिए । नेपाली काँग्रेस धादिङका सभापति पाखिनको योगदानलाई सम्झना गर्दै यो सडकको नाम दामन पाखिन मार्ग राखिएको हो । उत्तरी धादिङको ग्रामीणक्षेत्रको विकासको लागि सक्दो पहल गर्ने बागमती प्रदेश सरकारका मन्त्रीहरुले बताएका छन् ।

मुलुकको संघीय र प्रादेशिक राजधानीसँग सीमा जोडिएको धादिङ जिल्लाको उत्तरी क्षेत्रका साबिक पाँच गाविसमा अहिलेसम्म सडक सञ्जाल विस्तार हुन सकेको थिएन । सडक सुविधाले नछोएका कारण धादिङको उत्तरी क्षेत्रका विकटका बस्तिका बासिन्दाले शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, सिंचाईं जस्ता विकासका पूर्वाधार वाट टाढा रहनु परेको थियो ।

# सरकारी उदासिनताको शिकारः हेटौंडा सिमेन्ट




साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो । तर, क्षमताभन्दा कम परिमाणमा सिमेन्ट उत्पादन गरेका कारण उद्योगले सञ्चालन खर्च धान्न नसकेर बन्द हुन पुगेको छ ।

हेटौंडा सिमेन्ट उद्योगले कम परिमाणमा क्लिंकर उत्पादन भएकाले बन्द गर्नुपरेको तर्क गरेको छ । पैसा नहुँदा कोइला किन्न नसक्नु र पुराना मेसिन-उपकरण बारम्बार बिग्रिरहने कारण नियमित उद्योग चलाउन नसकिएको उद्योगको तर्क छ । उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न हेटौंडा सिमेन्टले सरकारसँग १ अर्ब ९ करोड रुपैयाँ मागेको थियो । तर, सरकारले पत्याएन । बरु, उल्टै निजीकरण गर्ने सूचीमा हालिदियो ।

हेटौंडा सिमेन्टले आव २०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो । लगत्तै अर्को आवमा १ करोड ५ लाख घाटामा गयो । आव २०७५/७६ मा २० लाख ८६ हजार ६ सय ६७ बोरा सिमेन्ट बेचेको उद्योगले १ अर्ब ६४ करोड आम्दानी गरेपनि १ अर्ब ६५ करोड खर्च गरेको थियो । त्यसैगरी २०७६/७७ मा उद्योगले १४ लाख ५५ हजार ९ सय ६ बोरा सिमेन्ट बेचे पनि २३ करोड ८२ लाख रुपैयाँ घाटामा गयो । २०७७/७८ मा १८ लाख ५३ हजार ७ सय ६४ बोरा सिमेन्ट बेच्दा पनि १७ करोड ४ लाख घाटा बेहोरेको हो ।

२०७८/७९ मा १० करोड ६९ लाख घाटा बेहोर्दा १६ लाख १३ हजार ९ सय ६४ बोरा सिमेन्ट बेचेको थियो । हेटौंडा सिमेन्ट उद्योगले २०७९/८० मा साढे २५ करोड रुपैयाँ घाटा बेहोरेको थियो । त्यसबेला सवा ९ लाख बोरा मात्र सिमेन्ट उत्पादन गरेको थियो । गत आव २०८०/८१ मा उद्योगले सवा ६ लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो ।

ओरालो यात्रा सुरु भएको हेटौंडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा चलाउने दाबी उद्योगका अधिकारीहरुले गरिरहेका छन् । गएको मंसिर पहिलो सातादेखि उद्योग सञ्चालन गर्ने भनिए पनि अहिलेसम्म उद्योग सञ्चालनमा आउन नसकेको उद्योगका निमित्त महाप्रबन्धक नवीन कर्णले बताए । हाल लोडसेडिङले गर्दा पनि उद्योग सञ्चालनमा ल्याउन नसकिएको उनको दाबी छ ।

'अहिले बिहान र बेलुका गरेर ४/४ घण्टा उद्योगमा बत्ती काटिएको छ,' निमित्त महाप्रबन्धक कर्णले भने, 'बत्तीको व्यवस्था भयो भने चैतको दोस्रो सातादेखि उत्पादन सुरु गर्ने योजनामा छौं ।' कर्णका अनुसार पाँच महिनादेखि उद्योग बन्द हुनुको कारण लोडसेडिङ मात्रै होइन, उद्योग सञ्चालनमा अन्य धेरै समस्या छन् । उद्योगका उपकरण पनि मर्मत भएका छैनन् । आर्थिक समस्याका कारण पनि उद्योग सञ्चालन गर्न नसकिएको हो ।

'अहिले उत्पादन ठप्प छ, नियमित खर्च पनि उठिरहेको छैन,' निमित्त महाप्रबन्धक कर्णले भने, 'तीन महिनादेखि कर्मचारीको तलबभत्ता दिन सकिएको छैन ।' व्यवस्थापकीय कमजोरीका कारण उद्योग बन्द भएको निष्कर्षमा पुगेको सरकारले पैसा दिने निर्णय हालसम्म गरेको छैन । जसरी भए पनि सरकारले उद्योग चलाउन भनेको छ । 'सरकारले हामीलाई जसरी हुन्छ उद्योग चलाउनुपर्‍यो भनेको छ,' कर्णले भने, 'त्यसका लागि सरकारबाट आर्थिक पहल त केही भएको छैन, हामीले नै पहल गर्ने हो । यस विषयमा उद्योगमन्त्रीज्यूसँग पनि कुरा भइसकेको छ ।'

निमित्त महाप्रबन्धक कर्ण आन्तरिक स्रोतबाटै भएपनि कर्मचारीको तलबभत्ता व्यवस्थापन गर्ने र जसरी हुन्छ उद्योग सञ्चालनमा ल्याएरै छाड्ने गरी काम गरिरहेको बताउँछन् । अहिले हेटौंडा सिमेन्ट उद्योगमा १ सय ६८ कर्मचारी छन् । २०३३ सालमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्टको व्यवसायिक उत्पादन सुरु गरेको थियो ।

## वंशगोपाल क्याम्पसमा सिलवालको नेतृत्व सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा-६, चौघडास्थित वंशगोपाल बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को नयाँ समिति सर्वसम्मत रुपमा चयन भएको छ ।

संगठनबीचको आपसी सहमतिपछि आइतबार बिहान सर्वसम्मत नयाँ समिति चयन गरिएको हो । नवनिर्वाचित समितिको अध्यक्षमा अनेरास्ववियुका दिवस सिलवाल चयन भएका छन् । त्यसैगरी, उपाध्यक्षमा राप्रविसका सजना घिमिरे, सचिवमा अनेरास्ववियुका सुवास राई, कोषाध्यक्षमा अखिल क्रान्तिकारीका आशाराम गोले, सहसचिवमा नेविसंघका आशिष भोलन चयन भएका छन् । सदस्यहरुमा आयुषा बुढाथोकी (क्रान्तिकारी), निश्चल गजुरेल (अनेरास्ववियु), सन्तोष पुडासैनी (अनेरास्ववियु), पूजा लम्साल (अनेरास्ववियु), सुष्मा गौतम (अनेरास्ववियू), सुशील तिमल्सिना (अनेरास्ववियु) निर्वाचित भएका छन् ।

क्याम्पस प्रमुख लक्ष्मण कँडेलद्वारा जारी सूचनामा क्याम्पस सञ्चालक समितिका अध्यक्ष उज्ज्वल चौलागाईंको अध्यक्षतामा बसेको बैठकले सर्वसम्मतरुपमा नयाँ समिति चयन गरेको उल्लेख गरिएको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त वंशगोपाल बहुमुखी क्याम्पसले स्नातक तहमा बीबीएस र बीएड कार्यक्रम सञ्चालन गरिरहेको छ । क्याम्पसमा २११ जना विद्यार्थी अध्ययनरत रहेपनि स्ववियु निर्वाचनका लागि १ सय ४७ मतदाता रहेको क्याम्पसप्रमुख कँडेलले जानकारी दिएका छन् ।

यसअघि मकवानपुरकै मनहरी गाउँपालिकास्थित मनहरी बहुमुखी क्याम्पसमा पनि स्वतन्त्र विद्यार्थी युनियनको नयाँ समिति सर्वसम्मतरुपमा चयन गरिएको थियो ।

## प्रचण्डको तस्बिर जलाउने बम पक्राउपछि रिहा

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को तस्वीर जलाउने एकजना युवालाई प्रहरीले पक्राउपछि रिहा गरेको छ । चितवनमा पक्राउ गरी मकवानपुर ल्याइएका राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनका केन्द्रीय महासचिव नीराजन बमलाई साँझ रिहा गरिएको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुरका कार्यबाहक अध्यक्ष सागर थापा र नेकपा माओवादी केन्द्र मकवानपुरका नेता भीम पाखिनको रोहबरमा बमलाई रिहा गरिएको बताइएको छ । कसैले आलोचना गर्दैमा पक्राउ गर्नु ठीक नभएको निष्कर्षका साथ माओवादी नेताहरु बमलाई रिहा गरिदिन आग्रहसहित जिल्ला प्रहरी कार्यालय पुगेका थिए । नेकपा माओवादी केन्द्रका मकवानपुर जिल्ला इन्चार्ज विजय गौतमसहित नेताहरु बमलाई छोडिदिन आग्रहसहित जिल्ला प्रहरी कार्यालयमा पुगेका हुन् ।

प्रचण्डले सामाजिक सञ्जाल फेसबुकमार्फत् लोकतन्त्रमा विरोधका विभिन्न स्वरुप हुने भन्दै सोही आधारमा पक्राउ गर्नु उचित नहुने प्रतिक्रिया दिएका थिए । बमलाई चितवनको भरतपुर विमानस्थलबाट प्रहरीले पक्राउ गरेको थियो । काठमाडौं जाने तयारी गरेका बेला बमलाई पक्राउ गरिएको थियो । शनिबार राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुर जिल्ला कमिटीको अधिवेशनमा बमले संघीय सांसद् दीपकबहादुर सिंह, बागमती प्रदेश सांसद् गिर बहादुर तामाङकै अगाडि प्रचण्डको तस्वीर जलाएका थिए । 'तपाईहरुले यो मान्छेलाई त चिन्नु हुन्छ होला नि ?' भन्दै बमले प्रचण्डको तस्बिरमा आगो लगाएका थिए ।

राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनले विज्ञप्ती जारी गर्दै बमलाई पक्राउ गरेकोमा आपत्ती जनाएको थियो । राजनीतिक गतिविधिमा संलग्न नेतालाई धरपकड गर्नु प्रजातान्त्रिक मूल्य र मान्यताको उपहास भएको विज्ञप्तीमार्फत् संगठनले बिरोध गरेको थियो । संगठनका संयोजक सुजित केसीद्वारा हस्ताक्षरित विज्ञप्तीमा बमलाई बिनाशर्त तत्काल रिहाई गर्न माग गरिएको थियो ।

## गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन व्यवसायीलाई आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/विश्व उपभोक्ता अधिकार दिवस २०८१ को अवसरमा बागमती प्रदेशको उद्योग, वाणिज्य तथा उपभोता हितसंरक्षण निर्देशनालयले सरोकारवाला निकायसँग छलफल गरेको छ ।

मन्त्रालयका सचिव राजेन्द्र कुमार केसीको अध्यक्षतमा भएको कार्यक्रममा प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै मन्त्री तामाङले उपभोक्ता, व्यवसायी र सरकारबीचको सहकार्य नै उपभोक्ता अधिकार सुनिश्चितताको प्रमुख आधार रहेको बताइन् । मन्त्री तामाङले उपभोक्ताको अधिकारलाई केन्द्रमा राखी गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन व्यवसायीलाई आग्रह गरिन् ।

उपभोक्ताको विश्वास जित्न व्यवसाय नैतिक र पारदर्शी हुनुपर्नेमा उनको जोड थियो । गुणस्तरहीन, म्याद नाघेका, ठगिपूर्ण व्यापारिक क्रियाकलापमाथि प्रदेश सरकारले कठोर अनुगमन गर्ने उनले बताइन् । उपभोक्ताको सुरक्षाका लागि विद्युतीय कारोबारको नियमनलाई थप प्रभावकारी बनाउने उनको धारणा छ ।

कार्यक्रमका सहभागीले प्रदेशमा उपभोक्ताको गुनासो सुन्ने छुट्टै हटलाइन सञ्चालन, प्रभावकारी बजार अनुगमन, अनुज्ञापत्र प्रक्रिया सहज हुनुपर्ने लगायत विषय उठान गरेका थिए ।

## सारुमगर र अधिकारीलाई भरतपुर मेयर दाहालको बधाई

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/नेपाल पत्रकार महासघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर र प्रेस सेन्टर नेपाल बागमती प्रदेश अध्यक्ष ध्रुव अधिकारीलाई भरतपुर महानगर पालिका मेयर रेणु दाहालले बधाई र शुभकामना दिएकी छिन् ।

नवनिर्वाचित प्रदेश अध्यक्षद्वय सारुमगर र अधिकारीलाई आइतबार महानगरपालिकामा आयोजित एक कार्यक्रममा उनले सफल कार्यकालको लागि शुभकामना व्यक्त गरिन् । भरतपुर महानगरपालिका सधैं मिडियामैत्री भएको बताउँदै मेयर दाहालले पत्रकारको हकहितका लागि महानगरपालिका सहकार्य गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरिन् । समग्र भरतपुरको विकासमा मिडियाको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै मेयर दाहालले पत्रकार महासघ, प्रेस सेन्टर नेपाललगायतका सञ्चार संस्थासँग हातेमालो गर्दै महानगरपालिका अघि बढ्न तयार रहेको बताइन् ।

स्वागत सम्मान कार्यक्रममा नेपाल पत्रकार महासघ बागमती प्रदेश अध्यक्ष मगरले पत्रकार महासघ भरतपुर महानगरपालिकासँग सहकार्य गर्न तयार रहेको बताउँदै कार्ययोजना प्रस्ताव गरे । मेयर दाहालले केही समयभित्रै भरतपुरमा प्रदेश स्तरीय कार्यक्रम आयोजना गर्ने तयारी रहेको जानकारी दिइन् । कार्यक्रममा प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष अधिकारीले भरतपुर महानगर पालिका देशभर उत्कृष्ट महानगर बन्न सफल भएकोमा बधाई ज्ञापन गरे ।

अधिकारीले भरतपुर महानगर विकासको चर्चा गर्दै मेयर दाहालको सफलताको प्रशंसा गरे । कार्यक्रममा प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष सुरेशचन्द्र अधिकारी, केन्द्रीय सचिव सुनिल खड्का, केन्द्रीय सदस्यद्वय प्रकाश ज्ञवाली र ध्रुवराज ढकाल, प्रेस सेन्टर नेपालका नेता रामचन्द्र पौडेललगायतको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# भदौबाट अध्यापन सुरु गरिने

पछिल्लो समय उच्चशिक्षाका लागि युवा विद्यार्थी पलायन हुने क्रम बढेपछि विश्वविद्यालय खुल्ने क्रम बढेको छ । उच्चशिक्षाका लागि खुलेका कलेजले विद्यार्थी पाउन छोडेको अवस्था छ । बागमती प्रदेश विश्वविद्यालयले बागमती प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसहरुलाई आंगिक क्याम्पसको रुपमा समायोजनका लागि प्रक्रिया अगाडि बढाएको छ । हेटौंडास्थित प्रदेश विश्वविद्यालय केन्द्रीय कार्यालयले सूचना प्रकाशन गरी विश्वविद्यालयको आंगिक क्याम्पसका रुपमा आबद्ध हुन भनेको हो । विश्वविद्यालयले प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजन भई सञ्चालन हुन आवेदन माग गर्दै बागमती प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालन हुने र मातृ विश्वविद्यालयसँगको सम्बन्धन अन्त्य गर्ने सम्बन्धी क्याम्पस सञ्चालक समितिको निर्णय अनिवार्य गरेको छ । विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले नेपालका कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई बागमती प्रदेशभित्र सञ्चालनमा रहेका क्याम्पसहरुले प्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजन भई सञ्चालन हुनसक्ने बताएका छन् ।

बागमती प्रदेश उच्चशिक्षा ऐन, २०७८ को दफा ९(३) र (४), प्रदेश उच्चशिक्षा नियमावली, २०७९ को नियम १७ तथा बागमती प्रदेश विश्वविद्यालयको विधान, २०६१ को दफा ३६ बमोजिमप्रदेश विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा सञ्चालन गर्न चाहेमा एक महिनाभित्र विश्वविद्यालय संरक्षक समितिको सचिवालय, हेटौंडामा निवेदन दर्ता गराउनुपर्ने छ । समायोजन हुन इच्छुक क्याम्पसको वर्तमान अवस्था, सञ्चालित कार्यक्रम, सोअनुसार विद्यार्थी संख्या, शिक्षक कर्मचारीको तहगत (स्थायी, अस्थायी र करार) विवरण, उनीहरुको पारिश्रमिक विवरण, शिक्षणशुल्क विवरण, क्याम्पसको आर्थिक, भौतिक सम्पत्ति, आर्थिक दायित्वसमेत खुल्ने प्रोफाइल आवश्यक हुन्छ । क्याम्पस स्थापना/सम्बन्धन स्वीकृतिपत्र, क्याम्पसको स्वीकृत विधान र क्याम्पसको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन समावेस गर्नु आवश्यक हुन्छ । क्याम्पसमा सञ्चालनहुन सक्ने र चाहेको शैक्षिक कार्यक्रमको सम्भाव्यता अध्ययन प्रतिवेदनसहित निवेदन दिनुपर्छ । आंगिक क्याम्पसका लागि आवेदन प्राप्त भएपछि छानबीन गरी सम्बन्धित क्याम्पसमा सञ्चालनमा हुनसक्ने शैक्षिक कार्यक्रमको औचित्य सम्भाव्यता र विश्वविद्यालयको व्यवस्थापकीय पक्षसमेतलाई ध्यान दिँदै विश्वविद्यालयले क्रमशः आंगिक क्याम्पसको रुपमा ग्रहण गर्ने गरी बागमती प्रदेश उच्चशिक्षा ऐन, २०७८ उच्चशिक्षा नियमावली, २०७९ एवम् विश्वविद्यालयको विधान २०८१ बमोजिम प्रक्रिया अगाडि बढाइने भएको छ । विश्वविद्यालयले आगामी भदौबाट अध्यापन गर्ने गरी काम गरिरहेको छ ।

विश्वविद्यालयले सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, वातावरण इन्जिनियरिङ र फोहोर व्यवस्थापन, नर्सिङ, बी-फर्मा औषधि विज्ञान, जोखिम तथा बीमा व्यवस्थापन, व्यवसाय प्रशासन, सार्वजनिकक्षेत्र व्यवस्थापन, होटल व्यवस्थापन, कला स्नातक र कानुन, एलएलबी ब्याचलर अफ लेजिस्लेटिभ ल, सूचनाप्रविधि, बीएडलगायत विषय अध्यापन गराउने तयारी गरेको छ । विश्वविद्यालयले विज्ञान तथा प्रविधि, व्यवस्थापन तथा कानुन र शिक्षा तथा सामाजिक विकास संकायगरी तीनवटा संकायमा आगामी आर्थिक वर्षबाट अध्यापन सुरु गर्ने गरी काम भइरहेको जानकारी दिएको छ । प्रदेश सरकारले २०७८ मा ऐन जारी गरी प्रदेश विश्वविद्यालय स्थापनाको तयारी थालेको थियो । तयारी थालेको २ वर्षपछि प्रदेश उच्चशिक्षा परिषद्को कार्यालय स्थापना गरिएको थियो । ३ वर्षपछि बागमती विश्वविद्यालय नामकरण गरी कार्यालय स्थापना गरिएको छ । विश्वविद्यालयका लागि भौतिक संरचना अभाव हुँदा हेटौंडा-५ मा भाडाको घरमा कार्यालय खडा गरिएको छ भने बोर्ड अफ ट्रष्टीको कार्यालय सामाजिक विकास मन्त्रालयसँगैको अस्थायी भवनमा राखिएको छ । प्रदेश सरकारले विश्वविद्यालयका लागि आवश्यक जमिन, भौतिक संरचना तथा प्रशासनिक कार्यालयको व्यवस्थापन गर्न सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ५ गते मंगलबार १८ मार्च २०२५ । चतुर्थी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:१२, सूर्यास्त ६:१३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाा कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# सचेत वर्गको एकता अपरिहार्य



✍डा. देवीप्रसाद आचार्य

राजनीतिक नेतृत्वले देश, काल, परिस्थिति र समाजको आवश्यकताको बोध गरी नेतृत्व दिन नसक्दा देशको अवस्था नाजुक बन्दै गएको छ । देशका हरेक क्षेत्रमा समस्याहरु व्याप्त छन् । मुलुक विधिको शासनमा चल्न सकेको छैन । भ्रष्टाचार, दलाली, बिचौलीया, कमिसन, सेटिङ, नातावाद, कृपावादलगायतका विसङ्गतिहरु यत्रतत्र, सर्वत्र छन् । यस सन्दर्भमा राजनीतिक दल र नेतृत्वमा पुग्नेहरुलाई समाजका विभिन्न क्षेत्रमा संलग्न इलिट्स वर्गले स्वतन्त्र भएर प्रभावकारी भूमिका खेल्नुपर्ने हो । लोकतन्त्रमा राजनीतिक दलहरु तथा नेतृत्वले जनविरोधी कामहरु गर्दा समाजका सचेत वर्गले भूमिका खेल्नुपर्दछ । यसो हुन सकेको छैन ।

यो मुलुकमा देशका सचेत वर्ग पनि राजनीतिक दलमा संलग्न भएको अवस्था छ । नागरिक समाज, लेखक, चिन्तक, वकिल, पत्रकार, शिक्षक, प्राध्यापकलगायतका सचेत वर्गले कुनै पनि राजनीतिक दलको पक्षपोषण गर्नुहुँदैन । देशको अहिलेको अवस्थामा बौद्धिक वर्गले जनता, समाज र देशको पक्षमा स्वतन्त्र भएर काम गर्नुपर्दछ । यो वर्गले कुनै पनि राजनीतिक दलको झोला बोक्नुहुँदैन । राज्यका गलत क्रियाकलापहरुलाई खबरदारी गर्नुपर्दछ । देशका उच्च पदस्थ व्यक्ति तथा व्यक्तित्वहरुले पद र प्रतिष्ठाको लागि दलहरुको झोला बोक्नु विडम्बना हो ।

यो सचेत वर्गले सबैभन्दा माथि देश हुन्छ भन्ने कुरालाई मनन गर्नुपर्ने समय आएको छ । गुण र दोषको आधारमा राजनीतिक दल तथा नेता विशेषका कार्यशैलीप्रति समाजका बुद्धिजीवीहरुले स्वतन्त्र मूल्याङ्कन गरी भुस र चामल छुट्याउने काम गर्नुपर्दछ । समाजमा पढेलेखेको, जानेबुझेको सचेत वर्गले पनि यदाकदा व्यक्तिगत स्वार्थको अगाडि घुँडा टेक्ने गरेको देखिन्छ । समाजमा सत्य कुराहरुलाई पनि सत्य भन्न नसक्ने जमात ठूलो रहेको देखिन्छ । देशले बाटो बिराएको बेला नागरिक समाज, सामाजिक अभियन्ता तथा समाजको सचेत वर्गले राजनीतिक आस्थाको आधारमा धारणा बनाउनुहुँदैन । बाँडिनुहुँदैन । यो शक्तिले राज्यलाई दिशानिर्देश गर्नुपर्दछ ।

समाजमा कतिपय जनता राजनीतिक दलहरुका पछाडि अन्धभक्त भएर लागेको देखिन्छ । समाजका स्वतन्त्र विचारकहरु कुटिएका छन् । लघारिएका छन् । आवाजविहीनहरुको लागि आवाज घन्काउनेहरु राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुबाट नै दुत्कारिने कार्य भइरहेको छ । राजनीतिक दलहरुका बीचमा असमझदारी छ । स्वार्थ मिल्दा काले काले मिलेर खाऔँ भालेको कार्यमा दलहरु लाग्ने गर्दछन् । स्वार्थ नमिल्दा आपसी कटाक्ष गर्ने, एकले अर्कालाई दोष लगाउने अत्यन्त अप्रजातान्त्रिक अभ्यास भइरहेको छ ।

दलहरुबाट हुने गरेका यस्ता कार्यलाई नागरिक समाज, मानवअधिकावादीहरु, सामाजिक अभियन्तालगायत समाजको सचेत वर्गले टुलुटुलु हेरेर बस्ने गरेको अवस्था छ । यसो हुँदा राजनीतिक दलहरुले मनपरी गरेका छन् । दलहरु जनमुखी हुन सकेका छैनन् । सत्य छायामा परेको छ । समाजमा राज्यले गरेका गैरजिम्मेवारपूर्ण कार्यहरुको बारेमा साझा धारणा बन्न सकेको छैन ।

जनदबाब सिर्जना हुन सकेको छैन । लोकतन्त्रमा राजनीतिक दल र राज्यका संयन्त्रहरुलाई जिम्मेवार बनाउने माध्यम सचेत समाज हो, प्रेस जगत् हो । समाजका दार्शनिक, लेखक, विचारकलगायत बुद्धिजीवीहरुले राजनीतिक दलहरुको गुण र दोषको आधारमा विचार निर्माण गर्नुपर्दछ । राज्य र राजनीतिक दलहरुले जनमुखी बनाउने छडी र कडी भनेको नागरिक आवाज हो । त्यसो त हाम्रो देशको सन्दर्भमा राज्यको कमी-कमजेरीहरुप्रति आवाजहरु नघन्किएका होइनन्, परन्तु कुनै व्यक्ति वा सामाजिक अभियन्ताहरुका आवाजमा सिङ्गो समाजलाई प्रतिनिधित्व गर्नुपर्दछ ।

भ्रष्टाचार, अनियमितता, कुशासनको बारेमा समाजलाई सचेत गराउनुपर्दछ । समाजमा जनआवाजहरु छरिएका छन् । छरिएका जनआवाजहरुलाई नेतृत्व दिने दायित्व नागरिक समाजको हो । समाजका सचेत वर्गको हो । देशभन्दा ठूलो न त कुनै राजनीतिक दर्शन हुन सक्छ, न त व्यक्ति विशेष । होइन र ? त्यसो त इतिहासका कालखण्डहरुमा राज्य व्यवस्थाको अन्त्य गर्न समाजको सचेत वर्ग एकजुट नभएको होइन । २००७ सालमा राणाशासनको विरुद्ध होस् कि जनआन्दोलन २०४६ होस्, प्रजातन्त्रको लागि नेपाली समाज एउटै मोर्चामा उभिएका थिए ।

२०६२-०६३ को जनआन्दोलनमा पनि नेपाली समाजको ठूलो हिस्सा गोलबद्ध भएको इतिहास छ । यसरी संघर्ष गरेको नेपाली समाजले अब देशमा व्यवस्था नै परिवर्तन गर्नुपर्ने अवस्था छैन । तथापि अहिलेको व्यवस्थाभित्र रहेका कमी-कमजोरीहरु हटाउन जनता एकजुट हुनुपर्ने परिस्थितिको सिर्जना भएको छ । अहिलेको राज्य पुनर्संरचनाको मोडेल र निर्वाचन प्रणालीमा परिवर्तन अपरिहार्य रहेको विचार आउने गरेका छन् । समाजमा अहिलेको प्रान्तीय सरकारको आवश्यकता नै छैन भन्ने स्वतन्त्र विचार राख्नेहरुको संख्या ठूलो छ । देशलाई यति धेरै संख्यामा सांसद, मन्त्रीहरु र यससँग जोडिएको ठूलो आर्थिक भार आवश्यकता नै छैन । यो देशलाई दूरगामी असर पार्ने सत्यतथ्यको बारेमा पनि समाजको सचेत वर्गको बीचमा मतैक्यता छैन । समाजका राजनीतिक दल, यिनका नेता, कार्यकर्ता तथा दलका समर्थकहरुका कुराहरुका बीचमा पनि फरक विचारहरु आउने गरेको अवस्था छ ।

विचारहरु फरक-फरक छन् । सत्यलाई राजनीतिक दर्शन र आस्थाको आधारमा छायामा पार्ने काम भइरहेको छ । त्यसैले यी फरक मतहरुलाई देश र जनताको हितमा एकीकृत गर्नको लागि सचेत वर्गले प्रभावकारी भूमिका खेल्नुपर्दछ । नेपाली समाजले राजनीतिक व्यवस्था परिवर्तन भएपछि जनताको अवस्था परिवर्तन हुनेछ भन्ने आशा गरेको थियो । परन्तु प्रजातन्त्रका ३३ वर्षमा देशमा जनताको अपेक्षा अनुरुप विकास र समृद्धि हुन सकेन ।

प्रजातन्त्र, लोकतन्त्र, सैीयता जे भनिए तापनि आम जनताका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात्को अवस्था छ । यही लोकतान्त्रिक व्यवस्थाको तीन दशकमा नेपाल दक्षिण एसियामा सबैभन्दा बढी भ्रष्टाचार हुने देशको सूचीमा परेको छ । युवाहरु विदेश पलायन भएका छन् । कृषि उत्पादन घट्दो छ । बेरोजगारी व्याप्त छ । महँगीले आकाश छोएको छ । दलहरुले लोकतन्त्रको सुगा रटान गरेको पाइन्छ । यो व्यवस्थाभित्रका कमी-कमजोरीहरु हटाएर देशलाई अगाडि बढाउने दिशामा दलहरु लागेका छैनन् ।

दलहरु दलीय भागवण्डाका आधारमा सेटिङ गर्ने, सत्तामा जाने र एक-अर्काको सत्तोसराप गर्ने काममा व्यस्त छन् । तसर्थ नेतृत्वको सोच र कार्यशैली बदलेर जनताको पक्षमा काम गर्न बाध्य बनाउनको लागि प्रभावकारी जनदबाबको आवश्यकता छ । राजनीतिक दलहरुको दुष्कर्मका कारण अहिले दूरदराजका गाउँबस्तीहरु युवाविहीन छन् । गाउँहरु पाका नागरिक र केटाकेटीहरुको बस्तीको रुपमा परिणत भएका छन् ।

हरेक दिन हजारौंको संख्यामा युवाहरु विदेशिएका छन् । आफ्ना खेतबारीहरु बँझाएर विदेशिएका युवाहरुले विदेशी भूमिमा पशुपालन, कृषि र उद्योगहरुमा श्रम बेचेका छन् । राज्यले हरेक गाउँहरुमा कृषि, पशुपालन, फलफूल, तरकारी, माछापालन, माहुरीपालनलगायतका क्षेत्रमा आधुनिक कृषि उत्पादन गर्ने काम वैज्ञानिक रुपले गरेको भए युवापुस्ताले आ-आफ्नै गाउँठाउँमा आयआर्जन गर्ने थिए । गाउँबस्तीका खेतबारीहरुमा आधुनिक कृषि प्रणाली फस्टाउने थियो । गाउँहरु आत्मनिर्भर बन्ने थिए ।

दलहरुले राजनीतिक फाइदालाई अगाडि राखेर राजनीति गरेको देखिन्छ । देश विकास जातजाति र क्षेत्रको विभाजनभन्दा बढी सामाजिक सद्भाव, सकारात्मक सोचको विकास तथा सामाजिक एकताले मात्र सम्भव हुन्छ । विकास गर्न सामाजिक एकता चाहिन्छ । राजनीतिलाई दुहुनो गाई बनाई सुविधाभोग र आर्थिक दोहन गर्न पल्केका अदूरदर्शी नेताहरुको कारण देशमा सुशासन र विकास हुन नसकेको राजनीतिक विश्लेषकहरु बताउँछन् । सदियौंदेखि दुबोसरी झाँगिएको सामाजिक सद्भावलाई राजनीतिक दाउपेचमा खलबल्याउने काम गरिएको छ । यसो हुनुहुँदैन । समाजमा जातीय, वर्गीय, क्षेत्रीय वा अन्य कुनै पनि विभाजक चिन्तनको विकास हुनुहुँदैन । हामी कुनै जातजाति, धर्म, वर्ग, क्षेत्र वा भूगोलका मानिस होइनौँ । सबै नेपाली हौँ । देशका बुद्धिजीवीहरु, प्राज्ञ विद्वान्हरु र नागरिक समाजले देश कमजोर हुँदा राज्यलाई ठीक मार्गमा हिँडाउन खरोरुपमा उत्रनुपर्दछ ।

हाम्रो देश लामो कालखण्डदेखि राजनीतिक अस्थिर अवस्थाबाट गुज्रिइरहेको छ । राजनीतिक दलहरुमा दूरदर्शिता र देश निर्माण गर्न सक्ने क्षमता र तागत नभएको तीन दशकको राजनीतिक गाईजात्राले नागरिकहरुमा निराशा र असन्तुष्टि चुलिएको छ । राज्य यसरी कमजोर भएको अवस्थामा देशका बुद्धिजीवीहरुको भूमिका खै ? सचेत वर्ग किन छायामा परेको छ ? नागरिक समाज कहाँ छ ? मानवअधिकारवादीहरु कहाँ छन् ? प्राज्ञिक वर्ग कहाँ छ ? राज्यका इलिट्सहरु कहाँ छन् ? शिक्षाविद्, कानुनविद्, अर्थविद्लगायतका विभिन्न क्षेत्रका विद्हरु कहाँ छन् ? सबै मिलेर राज्यलाई जिम्मेवार बनाउने कार्यमा जनदबाब सिर्जना गर्नु हामी सबैको साझा दायित्व होइन र ?

अन्त्यमा नागरिकहरुको चाहना नबुझ्ने, देशको आवश्यकता र समयको मागअनुसार काम गर्न नसक्ने, तर राष्ट्रको ढुकुटीमा रजाइँ गर्ने राजनीतिक चरित्र लोकतन्त्रको ऐँजेरु हो । दिशाहीन भविष्यको संकेत हो । राजनीतिक दलहरुले राज्य सञ्चालन गर्दा देशका बुद्धिजीवी, प्रशासक र विज्ञहरुसँग रायसल्लाह लिने र उचित सुझावहरुलाई कार्यान्वयन गर्ने काम गर्दैनन् । राजनीतिक दल सीमित व्यक्तिहरुको इशारामा दिशाहीन भएका छन् । राजनीतिक नेतृत्व नै सामाजिक समस्याको रुपमा देखिनु दुःखको कुरा हो । भ्रष्टाचार, विधिको शासनको अभाव तथा अदूरदर्शी राजनीतिक नेतृत्व नै विकास र निकासको बाधक तत्व हुन् । यी समस्याको समाधान गर्नको लागि देशले सचेत वर्गको भूमिका खोजेको छ । यस्तो अवस्थामा पनि देशको इलिट्स वर्गले राज्यलाई सुशासन, विकास र जनहितमा काम गर्न जनदबाब सिर्जना नगर्ने हो भने देशले अझै दुःख पाउनेछ । यसो नहोस् ।

*(साभार: न्युज अफ नेपाल)*

# संसारमा जहाँजहाँ राजतन्त्र छन्, त्यहाँ षड्यन्त्र नै छ

✍रघुजी पन्त

राजनीति, तथ्य, यथार्थ र तर्कमा गऱ्यो भने त्यो टिकाउ हुन्छ । भ्रमको खेतीले केही समय मानिसलाई झुक्याउन सकिएला, निराशाको खेतीले मानिसलाई केही समय अलमलमा पार्न सकिएला, तर सधैं अलमलमा पार्न सकिँदैन, झुक्याउन सकिँदैन । अहिले देशमा भ्रम र निराशाको खेती व्यापक रूपमा चलेको छ । त्यसका लागि केही सञ्चारमाध्यम, खासगरी सामाजिक सञ्जाललाई उपयोग गर्ने चलन बढेको छ । केही महिना अगाडि सेयर कास्ट इनिसिएटिभ नेपालले नेपालका ५२ जिल्लाका १९६ वटा गाउँ र नगरपालिकाका तीन हजार मानिससँग कुरा गरेर एउटा सर्वेक्षण तयार पारेको थियो । त्यसमा जीवनस्तर, सेवा प्रवाह, राजनीतिक लगायतका विषयमा नेपालीहरूले आफ्ना धारणा व्यक्त गरेका थिए ।

त्यसमा कुराकानी गर्ने ५७ प्रतिशत मानिसले पछिल्लो पाँच वर्षमा आफ्नो जीवनस्तर धेरै वा केही सुधार भएको बताएका छन् भने २७ प्रतिशतले उस्तै छ र १५ प्रतिशतले खस्केको बताएका छन् । अर्थात् देशका बहुसंख्यक जनताले आफ्नो जीवनमा परिवर्तन आएको आमरूपमा भनेका छन् । त्यसैगरी, मुलुकको अवस्था कस्तो छ भन्ने प्रश्नमा ५० प्रतिशतभन्दा धेरैले अलि राम्रो र धेरै राम्रो भनेका छन् । २४ प्रतिशतले उस्तै छ भनेका छन् भने बिग्रिएको भनी २६ प्रतिशतले देखाएको छ । यहाँ राजा हुँदाको र नहुँदाको पनि तुलना गरिएको छ ।

२०६५ मा गणतन्त्र घोषणा भएको थियो । गणतन्त्र आएपछि मुलुक झन् बिग्रियो भन्नेहरूले विश्व बैंकले गरेको एउटा अध्ययनलाई हेर्दा हुन्छ । सन् २००८ मा नेपालीको प्रतिव्यक्ति आय १९४२ डलर थियो, गणतन्त्रको १५ वर्षपछि सन् २०२३ मा नेपालीको प्रतिव्यक्ति आय ५९९४ डलर पुग्यो । अर्थात् नेपालीको प्रतिव्यक्ति आय यो अवधिमा २.८ प्रतिशत अर्थात् झन्डै तीन गुणाले बढेको छ । अब दक्षिण एसियालाई तुलना गरेर हेरौँ । २.८ गुणाले नेपालको प्रतिव्यक्ति आय बढेको छ भने भारतको पनि २.८ नै हो । भुटानको ६ हजार ३५ थियो, अहिले १५ हजार ६४ पुगेको छ अर्थात् बढेको प्रतिशत २.५ हो । श्रीलंकाको ७ हजार ३१७ थियो, अहिले १४ हजार ४६१ भएको छ अर्थात् प्रतिव्यक्ति आय दुई गुणा बढ्यो । बंगलादेशको २५ सय ५५ डलर थियो भने अहिले ९ हजार ४१ पुगेको छ अर्थात् ३.६ प्रतिशतले बढेको छ । पाकिस्तानको तीन हजार ७२१ थियो, अहिले ६ हजार ३७ पुग्यो अर्थात् १.६ प्रतिशतले वृद्धि भएको छ । माल्दिभ्सको १३ हजार ७६५ थियो, २४ हजार ७३५ अर्थात १.८ प्रतिशतले बढेको छ ।

दक्षिण एसियामा बंगाल टाइगरले चिनिने बंगलादेशको प्रतिव्यक्ति आय ३.६ प्रतिशतले बढ्यो भने नेपाल र भारतको बराबर छ । अहिले भारतमा धेरै विकास गऱ्यो भनिन्छ तर यो अध्ययन हेर्दा नेपाल र भारत बराबर छ । नेपाल अहिले पनि दक्षिण एसियामा गरिब छ तर राजाको पालामा झन् गरिब थियो । विगतको १५ वर्षमा नेपालको प्रतिव्यक्ति आय भारतको प्रतिशत बराबर र बंगलादेशभन्दा कम छ तर आर्थिक विकासमात्र महत्त्वपूर्ण कुरा होइन, लोकतन्त्र महत्त्वपूर्ण कुरा हो । ३.६ प्रतिशतले बढेको बंगलादेशमा लोकतन्त्र नहुँदा, प्रेस स्वतन्त्रतालाई खुम्च्याउँदा, नागरिकलाई अधिकार नदिँदा विद्यार्थीको नेतृत्वमा आन्दोलन भयो र शेख हसिना देश छाडेर जानु पऱ्यो ।

नेपालले पनि यो बिचमा जेजति प्राप्त गरेको छ, त्यो सन्तोषजनक छैन भन्ने कुरा म मान्छु तर राजाको पालाको भन्दा अहिले धेरै डेभलप भएको छ । सन् २००५ मा देशको कुल गार्हस्थ्य उत्पादन जम्मा आठ अर्ब डलर थियो अहिले २०२३ मा ४४ अर्ब डलर पुगेको छ । राजाको शासन र गणतन्त्रको तुलना नै गर्न मिल्दैन । १५ वर्षको अवधिमा यो देश निकै अगाडि बढेको छ । पूर्वाधार विकासमा, बिजुली, टेलिफोन, इन्टरनेट, शिक्षा, सडक, स्वास्थ्यको विकास गाउँगाउँ पुगेका छन् । गाउँगाउँमा पक्की स्कुल बनेका छन् तर विद्यार्थीको कमी छन् । अहिले केही भएन भन्ने गलत भाष्य बनाउने प्रयास भइरहेको छ, जुन आफैँमा आपत्तिजनक छ ।

दक्षिण एसियाको अवस्था हेर्ने हो भने नेपालमा महिलाहरूलाई ३३ प्रतिशत आरक्षण सुरक्षित छ, जुन अहिले भारतले पनि गर्न सकिरहेको छैन । स्थानीय निकायमा ४० प्रतिशत आरक्षण छ । समावेशी राजनीति छ । के हामीले यी सबै हेर्नुपर्दैन ? यो देशमा राजाको ठाउँमा मधेसमा भैँसी चराउने एक जना मधेसीलाई राष्ट्रपति बनायो, के बिग्रियो ? पहाड भोजपुरीकी एक जना सामान्य परिवारको छोरी देशको राष्ट्रपति भइन्, के बिग्रियो ? आज तनहुँका सामान्य परिवारका व्यक्ति राष्ट्रपति भएका छन्, के बिग्रियो ? भोलि पूर्वका कुनै राई, लिम्बु, पश्चिमका कुनै गुरुङ, तराईका कुनै थारु, दलितका कुनै छोरा राष्ट्रपति बन्दा के इज्जत जान्छ ? जाँदैन । हिजो सामन्तवादको खुट्टा टाउकोमा राखेर पाउ मोल्नेहरूलाई गरिबका छोरा राष्ट्रपति बनेको देख्दा असह्य भएको होला । त्यो पीडा बोधले राजा चाहियो भनेको होला । राजा किन चाहियो ? राजाका इतिहास हेरौँ, आफ्नै वंशका बहादुर शाह, जसले पृथ्वीनारायण शाहपछि नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका खेले, नेपालको सिमाना बढाउन खोजे । तिनलाई काका, भाउजूको लडाइँमा तेल छर्केर जेलमा माऱ्यो भन्छन् कसैले, कसैले आत्महत्या गर्न बाध्य बनायो भनेका छन् । रणबहादुरको पालामा जेठी र कान्छी रानीको लडाइँमा भीमसेन थापा जस्ता देशभक्त काटिए । राजेन्द्र विक्रमको पालामा कसले कोतपर्व गरायो ? जेठो छोरालाई मारेर आफ्नो छोरालाई युवराज बनाउन कान्छी रानीले षड्यन्त्र गर्दाखेरि कोतपर्व जन्मेको होइन ? जहाँबाट १०४ वर्षे राणा शासनको बिजारोपण भयो । त्यसपछि त्रैलोक्य विक्रम छँदाछँदै कसले विष खुवायो र माऱ्यो दरबारमा ? के त्यो कुनै जनताले गरेको थियो षड्यन्त्र ?

मैले भनेको इतिहास गलत भनेको हो भने त्यसलाई कसैले गलत साबित गरोस् । केही समय पहिले यही संसदबाट एकमतले हामीले चुच्चे नक्सा छाप्यौँ । २०१२ सालमा छापिएको हुलाक टिकटमा चुच्चे नक्सा छ । पञ्चायतकालमा त्यो चुच्चे नक्सालाई कसले बुच्चे बनायो ? राजाको सक्रियकालमा नेपालको चुच्चे नक्सा हरायो, नेपालको लोकतन्त्र पनि हरायो । त्यसको जवाफ चाहियो यहाँ । राजावादी भनेर जुलुस निकालिन्छ । त्यहाँ यसो हेऱ्यो, सबैभन्दा तल देश, त्यसभन्दामाथि नरेश, नरेशभन्दा माथि योगी र उत्तर प्रदेश । के यही हो देश भक्ति ?

२०४६ सालमा आन्दोलन गरेर बहुदल व्यवस्था कायम गऱ्यौँ । हामीले संवैधानिक राजतन्त्र मानेर गयौँ । यो संवैधानिक राजतन्त्र कसले उल्टायो ? त्यो राजा ज्ञानेन्द्रले असोज १८ र माघ १९ कु गरेर होइन ? अनि राजतन्त्र केकालागि चाहियो ? त्यसैको लागि ? दुसैँ र तिहारको बेलामा लुकेर पारसलाई युवराज बनाइयो । त्यो बेला पारसले के के गरे ? गीत गाएर फर्किरहेका एक जना कलाकार प्रवीण गुरुङलाई गाडीले लखेटीलखेटी मारे । के यो पनि झुटो हो ? हल्ला भएपछि मुद्दा चलाउने कुरा भयो अनि एक जना नक्कली भुजेल खडा गऱ्यो । राजतन्त्रमा यस्ता नमुना काण्डहरू थुप्रै भए । त्यसैले नेपाली जनतालाई राजतन्त्र चाहिएको होइन । अहिलेको संविधानले पनि राजतन्त्रलाई चिन्दैन ।

त्यसैले त्यस विषयमा संसदभित्र छलफल गर्न पाइँदैन । संविधानले गणतन्त्र मात्र चिन्छ । राजतन्त्र इतिहासको विषय भइसक्यो । संसारमा धेरै राजतन्त्र इतिहास भइसकेको छ । राजतन्त्र भनेको विशेषाधिकार हो । राजतन्त्र भनेको आफैँमा विशेषाधिकार हो । राजनीतिको प्रवाह गणतन्त्र हो । नेपालमा गणतन्त्र आउनुपर्थ्यो, आयो । इतिहासमा धेरै राजतन्त्र आउँछ जान्छन्, यो गणतन्त्र आजको माग हो । म कुनै समय सम्पादक थिएँ, मलाई कुनबेला जेल लग्छ, थाहा थिएन । मलाई जेल लग्दा कुन मुद्दा लगाउँछ, त्यो पनि थाहा हुँदैनथ्यो ।

पूर्वपश्चिम राजमार्ग पूरा भएको छैन, महाकाली पारीका १८ वटा पुल टेण्डर गर्दा चिनियाँ कम्पनीलाई पऱ्यो । चिनियाँ कम्पनीलाई परेको त्यो पुल बाह्य दबाबमा उल्टाइँदैछ भनी मैले समाचार लेखे बापत मलाई कारागारमा बोलाएर बयान लियो र केही दिनपछि त्यो पुलको निर्णय उल्टियो । के यही हो देशभक्ति ? म दृष्टिको सम्पादक थिएँ, अञ्चलाधीश कार्यालयबाट एक जना कर्मचारी खटाएर समाचार सेन्सर गऱ्यो । मैले अञ्चलाधीशको कार्यालयले सेन्सर गरिएको कारणले यो लाइन हटाइएको भनी लेखेर पत्रिका छापेको छु । त्यो अहिले हेर्दा पनि हुन्छ । त्यही दृष्टि पत्रिकाका कारण मविरुद्ध राजकाजको मुद्दा चलाइयो । ४५ दिन थुनामा राखेर तपाईंको चाल चलन राम्रो भएर थुनामुक्त गरियो भनेर थुना मुक्त गरिएको थियो ।

शान्ति सुरक्षाको कारण देखाउँदै मलाई पटकपटक थुन्यो । म एउटा कलम लिएर हिँड्ने मान्छेसँग त्यो बेलाको शासकले के खतरा देख्थ्यो, मलाई थाह भएन । हो, म त्यो बेला लोकतन्त्रको पक्षमा लेख्थेँ, बोल्थेँ । सायद त्यसलाई नै राजतन्त्रवादीहरूले खतरा देखेका थिए । त्यसैले राजतन्त्र भनेको षड्यन्त्र हो, शाहकालमा मात्र होइन, लिच्छवी, मल्लकालको पनि त्यस्तै थियो । अरू संसारमा जहाँजहाँ राजतन्त्र छन्, त्यहाँ पनि षड्यन्त्र नै छ । शासनका लागि जयप्रकाश मल्ललाई उनकै श्रीमतीले थुन्न लगाएकी थिइन् । हामी पृथ्वी जयन्ती मनाउछौँ, हामी बहादुर शाहलाई कदर गर्छौं । हामीले वीरेन्द्रको पनि त्यति विरोध गर्दैनौँ । उहाँको पालामा देशमा प्रजातन्त्र आएको थियो । हामी बहुदलवादीहरू विवेकी हुन्छौँ, हामी जनताको भावनालाई विश्वास गर्छौं ।

*(साभार: रातोपाटी)*

# धुर्मुस-सुन्तलीले सामान लगेको पैसा नदिए महानगर विरुद्ध अदालत जाने १७ कम्पनीको चेतावनी



काठमाडौँ/नेपालले एकदिवसीय क्रिकेटको मान्यता पाएसँगै २०७४ चैत १५ गते कलाकार सीताराम कट्टेल 'धुर्मुस'ले अन्तर्राष्ट्रिय रंगशाला बनाउने घोषणा गरे । २०७२ सालको महाभूकम्पपछि कुञ्जना घिमिरे 'सुन्तली' सँगको सहकार्यमा देश विदेशबाट सहयोग जुटाएर एकीकृत बस्ती निर्माणमा जुटेका उनको यस्तो घोषणाले क्रिकेट फ्यानहरू उत्साही भए र सहयोग गर्ने बाचा गरे ।

२०७५ माघ १६ मा काठमाडौँमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा 'धुर्मुस सुन्तली फाउन्डेसन' र भरतपुर महानगरपालिकाबिच चितवनमा गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशाला निर्माणको सम्झौता भयो । तर स्रोत अभाव भएको भन्दै धुर्मुस सुन्तलीले २०७८ साउनदेखि रंगशाला निर्माणको काम रोके । त्यतिन्जेल निर्माण कम्पनी, किराना पसल, श्रमिक व्यवस्थापक कम्पनीदेखि व्यक्तिसमेत गरी १८ करोड ४३ लाख रुपैयाँ ऋण पुगिसकेको थियो । हालसम्म पनि उक्त भुक्तानी नभएको भन्दै निर्माण कम्पनीहरू कानुनी प्रक्रियामा जाने तयारी गरेका छन् ।

भुक्तानी नपाएका कम्पनीहरूले संयुक्त संगठन बनाएर लामो समयदेखि महानगर र संघीय सरकारसँग भुक्तानीका लागि लबिङ गरिरहेका थिए । तर, नपाएपछि कानुनी प्रक्रियामा जान लागेको संयुक्त संगठनमा रहेका निर्माण कम्पनीका एक कर्मचारीले संचार कर्मीलाई जानकारी दिए ।

उनले दुई साताअघि उक्त नोटिस महानगरलाई बुझाएको बताए । उनका अनुसार १७ कम्पनीले एकैपटक उक्त कानुनी नोटिस महानगरलाई पठाएका छन् । 'हामीले महानगरलाई २१ दिनभित्र भुक्तानी बुझाउन अनुरोध गर्दै लिगल नोटिस पठाइसकेका छौँ । सो अवधिभित्र भुक्तानी नभएमा साँवाब्याजसमेत असुलउपर गर्ने गरी कानुनी प्रक्रियामा जाने जानकारी गराइसकेका छौँ,' उनले भने ।

धुर्मुस सुन्तली फाउन्डेसनले आर्थिक अभावका कारण रंगशाला निर्माणको काम गर्न नसकेको भन्दै २०७८ पुस २ गते स्वामित्व लिइदिन अनुरोध गर्दै पत्र लेखेको थियो । उक्त पत्रपश्चात् महानगर स्वामित्व लिन तयार भएको थियो । सोही वर्ष माघ १६ गते फाउन्डेसनले निर्माणको बाँकी काम पालिकाले गर्ने गरी मञ्जुरीनामा गरेका थिए । 'यसअघि भएको निर्माणसम्बन्धी हर हिसाब गर्ने प्रक्रिया चलिरहेकोले सो सम्बन्धमा सोहीबमोजिम हुने,' उक्त मञ्जुरीनामामा भनिएकाले रंगशालाको पुँजीसहित ऋण पनि महानगरको हुने भएकाले महानगर लाई नै विपक्षी बनाएर कानुनी प्रक्रियामा जाने तयारी गरेको कम्पनीको भनाइ छ ।

**लिगल नोटिस पठाउने कम्पनीहरू**

'फाउन्डेसन र महानगर पालिकाबिच सम्झौता भएरै रंगशाला निर्माणको काम अघि बढेको हो । तत्कालीन प्रधानमन्त्रीको समेत उपस्थितिमा हस्ताक्षरसहितको सम्झौतामा भएको हो । अब तयार भएको संरचना र उपलब्ध पुँजीसहित निर्माणको दायित्व महानगरले लिएकाले ऋण पनि हस्तान्तरण भएको छ । त्यसैले फाउन्डेसनले नभई महानगरले नै उक्त ऋण भुक्तान गर्नुपर्छ,' रंगशाला निर्माणका क्रममा दिइएको ऋण उठाउन गठित संयुक्त संगठनका ती सदस्यले बताए ।

निर्माण कम्पनीहरू संयुक्त रूपमा कानुनी प्रक्रियामा जाने लिगल नोटिस पठाइरहँदा पञ्चकन्या स्टिल्सले भने यसअघि नै फाउन्डेसनलाई विपक्षी बनाई ललितपुर जिल्ला अदालतमा फिरादपत्र दायर गरेको छ ।

**महानगरले स्वामित्व लिएपछि ऋणमा विवाद**

महानगरले स्वामित्व लिएपछि अलपत्र रंगशाला निर्माणको काम अघि बढिरहेको छ । बागमती प्रदेश सरकारले ७० र महानगरको ३० प्रतिशतको साझेदारीमा चितवन स्थित त्रिभुवन विश्वविद्यालयको भोगचलनमा रहेको २० बिघा ६ कठ्ठा जग्गामा रंगशाला निर्माणको कार्य भइरहेको छ । २०८० फागुनमा टेन्डर आह्वान गरेकोमा ६८ करोड रुपैयाँमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी गत असारमा हिमालयन-कालिञ्चोक बीबीआई जेभीलाई ठेक्का दिइएको छ ।

रंगशालाको स्काब र स्टकसहित संरचनाको स्वामित्व महानगरले लिए पनि ऋणको दायित्व कसको भन्नेमा भने विवाद छ । रंगशाला निर्माणका लागि महानगरपालिका र फाउन्डेसनबिच भएको सहमतिको छैटौँ बुँदामा 'निर्माण कार्य गर्न स्रोत अपुग भएमा आपसी सहमतिका आधारमा स्रोत जुटाई निर्माण कार्य सम्पन्न गर्नु दुवैको दायित्व भएको' उल्लेख गरिएको छ ।

यसबिच भुक्तानी पाउन बाँकी कम्पनीहरूले पटक-पटक महानगर प्रमुख रेनु दाहालसँग छलफल गरेका थिए । तर, महानगरले ऋणको दायित्व आफ्नो नभएको बताउँदै संघीय सरकारसँग पहलकदमी गर्ने बताउँदै आएको छ । रंगशाला निर्माणका क्रममा लागेको ऋण भुक्तानीका लागि सरकारले बजेट विनियोजन गर्ने निर्णयसमेत गरेको थियो । 'भरतपुर महानगर पालिकामा धुर्मुस-सुन्तली फाउन्डेसनबाट निर्माण सुरु गरिएको गौतमबुद्ध क्रिकेट रंगशालाको कार्य प्रगतिको मूल्यांकन गरी हालसम्म सृजित दायित्व भुक्तानी गर्ने प्रयोजनका लागि अर्थमन्त्रालयले भरतपुर महानगर पालिकालाई १२ करोड रुपैयाँ सशर्त अनुदान उपलब्ध गराउने,' २०८० असार १२ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको थियो ।

आर्थिक वर्ष सकिनुभन्दा केही दिनअघि निकासा भएको उक्त रकम महानगरले भुक्तानी गर्न सकेन । रकम फ्रिज भयो र त्यो रकम संघीय सरकारकै खातामा फिर्ता आयो । तर सरकारले अनुदानका रूपमा उक्त रकम उपलब्ध गराउने भनेपछि महानगरले 'अनुदान' शब्द हटाउनुपर्ने माग गर्‍यो । रकम फ्रिज भएपछि हाल धुर्मुस फाइल बोकेर दैनिक रकम निकासा गरिदिन आग्रह गर्दै सिंहदरबारका मन्त्रालयहरू धाउँदै आएका छन् भने अर्थले सीधै रंगशालालाई रकम दिन नमिल्ने जवाफ दिँदै आएको छ । धुर्मुस-सुन्तली फाउन्डेसनले व्यक्ति, किराना पसलदेखि निर्माणकम्पनीसम्म गरेर १ सय ३६ व्यक्ति र संस्थाबाट ऋण लिएको महानगरले गरेको वित्तीय परीक्षणले देखाएको छ । उक्त ऋण भुक्तानीका लागि अनुरोध गर्दै महानगरले संघीय सरकारलाई २०८० चैत १६ गते पत्र लेखेको थियो । तर संघीय सरकारले रकम निकासा गरेन । महानगरले अन्य कम्पनी र व्यक्तिको ऋण भुक्तान नगरे पनि विद्युत् मिटर नामसारी तथा जडानका क्रममा पूर्ववत् १० लाख ८९ हजार रुपैयाँ भने भुक्तानी गरिसकेको छ ।

**हाम्रो दायित्व होइन : महानगर**

यता महानगरपालिकाले भने ऋणको दायित्व आफूहरूको नहुने बताएको छ । महानगर पालिकाका उपप्रमुख चित्रसेन अधिकारीले फाउन्डेसनले लिएको उधारोको भुक्तानी स्थानीय तहले गर्न नसक्ने बताए । 'त्यो ऋण न खरिद ऐनअनुसार छ, न वित्तीय अनुशासन अनुसार छ । प्रक्रिया अनुसार गएको देखिन्न,' उनले भने, 'उधारो ल्याउने पाटो उहाँहरू स्वयंको कुरा हो । राज्यले कसरी तिर्न सक्छ ? महानगरपालिकाले सहजीकरण गर्ने, भुक्तानीका लागि वातावरण बनाउने काम गर्ने हो, त्यो गरेको छ । खर्च गर्ने अधिकार धुर्मुस सुन्तलीले आफैँले गर्नुभयो । व्यवसायीले फाउन्डेसनसँग जुन कारोबार गर्नुभएको छ त्यो महानगरपालिकाले चिन्दैन ।'

*(स्रोत: रातोपाटी)*

# 'अञ्जिला', 'आउट ल' र 'राजागंज'को कस्तो छ व्यापारिक अवस्था ?




काठमाडौँ/गत कात्तिक पछि तीन महिना नेपाली फिल्मको व्यापार निकै उदेकलाग्दो रह्यो । दयाहाङ राई, सौगात मल्ल, विपिन कार्की, प्रदीप खड्का, प्रियंका कार्की जस्ता नाम चलेका कलाकारको फिल्मलाई समेत दर्शकले पत्याएनन् । तीन महिना कुनै फिल्मले अपेक्षित व्यापार नगर्दा फिल्म क्षेत्रमा नै निराशा छाएको थियो । तर, फागुन दोस्रो सातादेखि हलमा दर्शकको चहलपहल बढ्न थालेको छ ।

महाशिवरात्रिमा आएका तीनवटा फिल्ममध्ये 'लाज शरणम्'ले सन्तोषजनक व्यापार गर्‍यो । लगभग ४ करोडको व्यापार गरि सकेको यो फिल्मलाई लगानी उठाउन भने अझै संघर्ष गर्नुपर्ने देखिन्छ । 'लाज शरणम्'पछि फागुन २३ गतेबाट प्रदर्शनमा आएको 'होस्टेल ३'ले पनि सुखद् व्यापार गरिरहेको छ । सम्भवत: यो साताभित्र फिल्मले लगानी सुरक्षित गरेर 'हिट'को ट्याग पाउन सक्ने देखिन्छ ।

'होस्टेल ३'पछि होलीको दिन पारेर बिहीबार 'अञ्जिला', 'आउट ल : दफा २१९' र शुक्रबार (चैत १ गते) 'राजागंज' प्रदर्शनमा आए । यी तीन फिल्ममध्ये 'अञ्जिला' व्यापारिक रुपमा बलियो देखिएको छ । प्रदर्शनको दुई दिन अर्थात् बिहीबार र शुक्रबार मध्यम रहेको फिल्मको व्यापार शनिबारे विदामा अप्रत्यासित रह्यो । फिल्मले पाएका अधिकांश शोमा शनिबार उच्च अकुपेन्सी देखिएको थियो ।

व्यापारमा मात्र होइन, तीन फिल्ममध्ये 'वर्ड अफ माउथ' पनि 'अञ्जिला'कै बलियो छ । फिल्म हेरेका अधिकांश दर्शक रूँदै हलबाट निस्किएका छन् । फिल्म हेर्दा दर्शक रोएका भिडियोहरू टिकटकमा पनि भाइरल छन् । यसले फिल्मप्रति दर्शकहरूलाई हुटहुटी जगाउन ठूलो भूमिका खेल्न सक्छ । अब आइतबारबाट फिल्मको व्यापार कस्तो रहन्छ, त्यसले व्यापारिक भविष्य निर्धारण गर्नेछ ।

'अञ्जिला'सँग एकसाथ प्रदर्शनमा उत्रिएको 'आउट ल' पनि व्यापारमा कमजोर देखिँदैन । प्रदर्शनको दुई दिन (बिहीबार र शुक्रबार) औसत रहेको फिल्मको व्यापार शनिबार सन्तोषजनक रह्यो । फिल्मले देशभर प्राप्त प्राय: शोमा ६५-७० प्रतिशत अकुपेन्सी हासिल गरेको थियो । र, फिल्मलाई प्रतिक्रिया पनि सकारात्मक मिलेको छ । फिल्म हेर्ने प्राय:ले एक्सन र मेकिङ निकै मन पराएका छन् ।

विश्वका थुप्रै फेस्टिभल चहारेको 'राजागंज'को व्यापारिक अवस्था भने दयनीय छ । शुक्रबार र शनिबार फिल्मको शोमा ३० प्रतिशत पनि अकुपेन्सी देखिएन । केही शो 'क्यान्सिल' समेत भए । दुई दिनको व्यापार हेरेर धेरै हलले फिल्मको शो घटाएका छन् । रोचक कुरा के छ भने, 'राजागंज' र 'अञ्जिला' दुवैमा दयाहाङ राईको प्रमुख भूमिका छ । तर, दर्शकको रोजाइ 'अञ्जिला' बनेको देखिन्छ ।

# हिट बन्न लागेको 'होस्टेल ३'को 'रक अन' गीत रिलिज



काठमाडौँ/यस वर्षको हिट फिल्म बन्न लागेको 'होस्टेल ३'को प्रदर्शनको १० दिनपछि नयाँ गीत 'रक अन' सार्वजनिक गरिएको छ । फिल्मको अन्त्यमा राखिएको यो गीतको व्यापक माग भएपछि युट्युबमा ल्याइएको निर्देशक सशान कँडेलले बताए । गीतमा फिल्मकै प्रमुख कलाकारहरू पारस बम ठकुरी र रिहान गिरीको साथमा समीर काजीको गायन तथा महेश ज्ञवालीको शब्द र संगीत रहेको छ ।

कलेजमा आयोजित एक सांगीतिक कार्यक्रमको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका कलाकारहरू पारस बम ठकुरी (कुल ब्वाय), रिहान गिरी, सिम्रन पन्त, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, समा पराजुली लगायत प्रस्तुत छन् । एउटै कलेजमा अध्ययनरत उनीहरूबीचको मित्रतालाई भिडियोमा देखाइएको छ ।

अघिल्लो साता प्रदर्शनमा आएको 'होस्टेल ३'ले पहिलो हप्ता राम्रो व्यापार गर्‍यो । चलचित्र विकास बोर्डको तथ्यांकअनुसार फिल्मले एक सातामा साढे २ करोडमाथि कमाएको छ । निर्माताले भने एक साताको कमाइ ४ करोड ३२ लाख ग्रस रहेको दाबी गरेका छन् । बोर्ड र निर्माताको आँकडामा ठूलो अन्तर देखिए पनि निर्विवाद सत्य के हो भने फिल्म हिट बन्ने बाटोतर्फ उन्मुख छ ।

फिल्मले दोस्रो साताको शनिबार पनि उत्साहजनक व्यापार गरेको छ । एक सय हाराहारी शोमा शनिबार 'होस्टेल ३'को देशभर ८० प्रतिशतसम्म अकुपेन्सी थियो । निर्देशक कँडेलले दोस्रो शनिबार झनै व्यापक माहोल देखिएको बताए । उनले भने, 'दोस्रो साता पनि व्यापारमा कमी आएन । व्यापारको उत्साह कायमै छ । दोस्रो शनिबार त झनै व्यापक माहोल देखियो ।'

माधव शर्माको पटकथा एवं संवाद तथा एसोसियट निर्देशन रहेको फिल्ममा प्रवीण खतिवडा, आशिष पुरुष, रोहन श्रेष्ठ, उमर खान, सन्तोष बानियाँ, उत्तम केसी लगायतको पनि अभिनय छ । फिल्मका निर्माता सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी हुन् । सह-निर्मातामा शिशिर ज्ञवाली, अनीश सिग्देल, कुन्दन गुप्ता र गणेश मगर रहेका छन् । शङ्कर कोइराला कार्यकारी निर्माता हुन् ।

# आरआरमा विरासत पछ्याउने र बदलाव रोज्नेबीच टक्कर

काठमाडौं/देशकै ठूलामध्येका एक रत्न राज्यलक्ष्मी (आरआर) क्याम्पसमा आठ वर्षपछि स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) को नेतृत्व चुन्ने अन्तिम चयारी चलिरहेको छ । आज बसेको उम्मेदवारहरूको सर्वदलीय बैठकले सात बुधमा मतदान गर्ने र हरेक संगठनबाट एक/एक जना प्रतिनिधि रहने निर्णय गरेको छ । साथै शान्तिपूर्ण र मर्यादित मतदानको वातावरण निर्माणमा सबै उम्मेदवार प्रतिवद्ध रहने पनि निर्णय भएको छ । कसैले पनि शक्ति प्रदर्शन नगर्ने सहमति यसअघि नै भइसकेको छ ।

त्रिभुवन विश्वविद्यालयका अरु क्याम्पसमा दुई वर्षअघि स्ववियू चुनाव भए पनि आरआरमा हुन सकेको थिएन । 'त्यसबेला संगठनहरूको संघर्षकै कारण चुनाव हुन सकेन । यसपटक शान्तिपूर्ण बातावरण छ,' एकीकृत समाजवादीको विद्यार्थी संगठन अनेरास्ववियूका केन्द्रिय उपाध्यक्ष अशोक थापा भन्छन् । अर्थात् नेकपा एमाले फुटेर एकीकृत समाजवादी बन्नुको असर त्यसबेला आरआर क्याम्पसमा देखिएको थियो । फुटेर बनेका अखिलहरूबीचको खिचातानीले आरआरमा चुनाव हुन सकेको थिएन । यसपटक भने एमालेको अनेरास्ववियु र एकीकृत समाजवादीको अनेरास्ववियूले साझा प्यानल नै बनाएका छन् ।

'आरआर, अस्कल, त्रिवि, त्रिचन्द्र लगायत क्याम्पसमा अनेरास्ववियूसँग संयुक्त प्यानल बनाएका छौं,' अनेरास्ववियूका उपाध्यक्ष थापा भन्छन्, 'आवश्यकताका आधारमा हामीले सहकार्य गरेका हौं ।' यी दुई अखिलको प्यानलबाट लोकेश खड्का सभापति पदका उम्मेदवार छन् । खड्कासँगै नेविसंघबाट विनोदराज जोशी, स्वतन्त्र विद्यार्थी समूहबाट हर्कबहादुर बोहरा, नेपाल क्रान्तिकारी विद्यार्थी संघबाट रोजित महर्जन, समाजवादी विद्यार्थी युनियनबाट अनिल राई, अखिल (क्रान्तिकारी) बहुमतबाट विवेक मयाल र अखिल क्रान्तिकारीबाट संगम लामा उम्मेदवार छन् । सभापति पदमा ७ जनाको उम्मेदवारी परे पनि चुनावी प्रतिस्पर्धामा १० संगठन उत्रिएका छन् । तर मुख्य प्रतिस्पर्धा भने कांग्रेस, एमाले र माओवादीको विद्यार्थी संगठनहरूबीच नै हुने अनुमान गरिएको छ । 'स्वतन्त्र र साना संगठनहरूबाट पनि उम्मेदवारी छ । तर अनेरास्ववियु, नेविसंघ र अखिल क्रान्तिकारीबीच नै मुख्य प्रतिस्पर्धा हुन्छ,' आइतबार क्याम्पस परिसरमा भेटिएका एक विद्यार्थीले भने ।

यद्यपि कसैले पनि चुनावी शक्ति प्रदर्शन नगर्ने सहमति संगठनहरूबीच जुटेकाले पूर्वामान गर्न सजिलो छैन । मतदान हुनुअघिको मौन अवधिसम्म समेत नाराजुलुस, प्रदर्शन अथवा अरु प्रकारका शक्ति प्रदर्शन यहाँ गरिएको छैन । 'विद्यार्थीहरूले कसलाई मतदान गर्नुपर्छ भन्ने बुझेका छन्, त्यसैले मतदानअघि शक्ति प्रदर्शन आवश्यक ठानेनौं', अखिल क्रान्तिकारीबाट सभापतिका उम्मेदवार रहेका संगम लामा भन्छन् । ८ हजार बढी विद्यार्थी रहेको आर आरमा यसपटक ५ हजार १ सय ४६ जनाले मतदान गर्दैछन् । मतदानबाट पदाधिकारी सहित ११ जना प्रत्यक्ष र १० जना समानुपातिक प्रणालीबाट निर्वाचित हुनेछन् ।

**अनेरास्ववियुको बर्चश्व**

विगतका नजीर हेर्दा भने आरआर क्याम्पसमा एमाले अनेरास्ववियु बलियो संगठन हो । ०३६ सालदेखि स्ववियू चुनाव हुन थालेको आर आरको ४५ वर्षे इतिहासमा अनेरास्ववियुले पराजित हुनु परेको छैन । आरआरका पूर्वसभापति जगनाथ खतिवडा अनेरास्ववियुको संगठनात्मक शक्तिको आधारमा अपराजित नतिजा आइरहेको बताउँछन् । '०४१ सालमा म सभापति हुँदा ६५ मतको सानो अन्तरले जितेको थिएँ । तर म पछि दामोदर अर्यालले जित्दा मतान्तर ३६५ पुग्यो,' खतिवडा भन्छन्, 'चुनाव जितेपछि हामीले जसरी काम गर्न थाल्यौं, त्यसले अनेरास्ववियु हार्दैन भन्ने भाष्य निर्माण हुन पुग्यो ।'

हरेक कक्षामा कमिटी निर्माण, विद्यार्थी भर्नाको राजनीति र क्याम्पसमा हुने गतिविधिका कारण अनेरास्ववियु बलियो बनिरहने आधार निर्माण भएको उनी बताउँछन् । 'मण्डले र नेविसंघले पनि अखिलकै नेताहरूबाट काम लिनुपर्ने अवस्था बन्दा अरू संगठन बलिया हुन सकेनन्', खतिवडा भन्छन् । आरआरमा अनेरास्ववियुको जग कति बलियो छ भने मूल पार्टी विभाजन भइरहँदा पनि यो क्याम्पसमा हार्नु परेको छैन । पञ्चायतका बेला अनेरास्ववियु पाँचौं र छैटौं नमिलेकै अवस्थामा पनि आरआरमा जितेर विद्यार्थीहरूमा बलियो रहेको सन्देश दिन सकेको थियो । 'पञ्चायतका चुनावहरूमा वामपन्थीहरू मिलेर लड्ने गरेको थियो, तर पाँचौबाट मैले आरआरको सभापति जितेँ' खतिवडा भन्छन्, 'त्यसपछि अनेरास्ववियुले एक्लै आरआरमा जित्न थाल्यो ।'

आरआरको स्ववियू सभापतिमा जितेका केशवबहादुर खत्री, कमलप्रसाद शर्मा, कृष्ण भट्टराई, जगनाथ खतिवडा, दामोदर अर्याल, राजेन्द्र राई, राजनकुमार बस्नेत, यज्ञराज सुनुवार, महेन्द्रकुमार राई, विनोद मञ्जन, बालगोपाल उपाध्याय, नवराज पौडेल, राजकुमार राई, तपेन्द्रबहादुर शाहीसहित सबै नेता अनेरास्ववियुकै हुन् ।

पूर्वसभापति राजेन्द्र राई आरआरमा अनेरास्ववियुले सधैं जित्ने अवस्था बन्नुमा पञ्चायतकै बेला जग निर्माण भएको बताउँछन् । 'पञ्चायतको कठोर दमनविरुद्ध कम्युनिष्ट निकट विद्यार्थी संगठनहरू सशक्त प्रतिरोधमा उत्रने गर्थ्यो,' राई भन्छन्, 'त्यसले देशैभर अनेरास्ववियुको सक्रियता विद्यार्थीमाझ फैलिरहेको थियो, राजधानीमा आरआर क्याम्पस एउटा केन्द्र थियो ।'

पञ्चायती दमनको प्रतिरोधमा अनेरास्ववियुले गर्ने प्रतिरोधकै कारण आरआर क्याम्पस देशभरका कम्युनिष्ट नेताहरूबीच परिचित बनेको उनी बताउँछन् । 'विशेषगरी पूर्वका विद्यार्थीहरू आरआरमा धेरै पढ्थे । पूर्वमा कम्युनिष्टहरूको उपस्थिति राम्रो थियो,' राई सम्झन्छन्, 'स्कूलमा हुँदा नै कम्युनिस्ट परिवारका विद्यार्थीले आरआरमा पढ्ने योजना बनाउन थालिसक्थे ।'

कम्युनिस्ट पृष्ठभूमिकै विद्यार्थी धेरै आउने र स्ववियू पनि अनेरास्ववियुकै कब्जामा हुँदा अरू विद्यार्थी संगठन फैलिन नसकेको उनको बुझाइ छ । 'अनेरास्ववियु बलियो छ भन्ने बुझाइ भएपछि अरु संगठन डराए पनि होलान्, जितनलाई मेहनत पनि कम गरे होलान्', राई भन्छन् ।

कुनै एउटा संगठनले स्ववियु जित्न थालेपछि अर्को संगठनको पडक त्यहाँ हत्तपत्त स्थापित नहुने प्रवृत्ति आम रुपमै देखिन्छ । राजधानी उपत्यकाका ठूला क्याम्पसहरूकै कुरा गर्दा पनि विद्यार्थी संगठनहरूको विरासत जबर्जस्त (यद्यपि विरासत तोडिएका क्याम्पसहरू पनि उल्लेख्य छन्) देखिने गर्छ ।

आरआरका पूर्वसभापति राजेन्द्र राई विद्यार्थीहरूको संरक्षणका कारणले पनि विरासतको शाशन चल्ने गरेको अनुमान गर्छन् । 'उच्च शिक्षाका लागि काठमाडौं आउँदा अभिभावकले आफ्ना छोराछोरीको सुरक्षालाई पनि हेर्ने भयो । र उनीहरुले राजनीतिक कनेक्सनका आधारमा क्याम्पस रोजे,' उनी भन्छन्, 'आरआरमा एमाले नेताहरूले छोराछोरी पठाए । स्ववियुले उनीहरूको संरक्षण गर्ने भयो ।'

विशेषगरी एमाले पकड रहेको पूर्वी नेपालका विद्यार्थी धेरै आउने भएकाले पनि आरआरमा अनेरास्ववियुको बिरासत तोडिन नसकेको राईको अनुमान छ । विरासत कायमै रहँदा विद्यार्थीबीच तिनै संगठन स्थापित हुन थप बलियो पुग्ने नेताहरू बताउँछन् । 'अहिले पनि छात्रवृत्तिको विषय आउँछ, क्याम्पसमा गतिविधि गर्ने कुरा हुन्छ अथवा विद्यार्थीका लागि आइपर्ने अरु समस्या हुन्छन्,' एक जना विद्यार्थी नेता भन्छन्, 'स्ववियु जसको नेतृत्वमा छ, उसैले त्यो कुराहरू गर्ने भए, उसैको मत बढ्ने भयो ।'

आरआरका निवर्तमान सभापति एवं एमाले नेता तपेन्द्रजंग शाही विरासतको संरचनात्मक लाभ आफ्ना उम्मेदवारले स्वभाविक रुपमा पाउने स्वीकार्छन् । 'आजसम्म आर आरमा अनेरास्ववियुले एउटा सदस्य पनि हार्नु परेको छैन । यसपटक पनि त्यो विरासत जोगिनेमा ढुक्क छौं,' उनी भन्छन् ।

**इतिहास उल्ट्याउने प्रयास**

नेविसंघका नेता जगतजंग विष्ट भने आरआरमा यसपटक नेविसंघले इतिहास निर्माण गर्ने दाबी गर्छन् । 'आरआर क्याम्पसको परिवर्तन गर्न पनि यसपटक नेविसंघले जित्नुपर्नेछ' उनी भन्छन्, 'विद्यार्थी साथीहरूले परिवर्तन रोजेको हामीले बुझेका छौं, त्यसैले हाम्रो उम्मेदवारहरूले जित्दैछन् ।' नेविसंघबाट सभापति पदका उम्मेदवार विनोदराज जोशीले जित्नेमा एक भन्दा बढी आधार रहेको उनीहरू बताउँछन् । 'अखिलले नियमित जित्दै आयो, तर उनीहरूले क्याम्पसमा परिवर्तन ल्याउन सकेनन् । विद्यार्थीहरूमा अनेरास्ववियुप्रति भरोसा गुमेको छ,' विष्ट भन्छन्, 'भरोसा गुमेको संगठनलाई मत दिने कुरा हुँदैन ।'

उनका अनुसार नेविसंघले जित्ने अर्को आधार आफ्नो उम्मेदवारको आकर्षण हो । विद्यार्थी बीच लोकप्रिय उम्मेदवार नेविसंघले उठाएको विष्ट बताउँछन् । र, तेस्रो आधार परिवर्तनको एजेण्डा नै हो । राजधानीका अरू क्याम्पसमा कायम कांग्रेसको गुटगत समस्या आरआरमा समाधान गरिसक्नुलाई पनि नेविसंघले बलियो पक्ष मानेको छ ।

आरआरमा सभापतिका उम्मेदवार रहेका जोशी संस्थापन पक्षका हुन् । यहाँ नेविसंघबाटै दीपेन्द्र खड्काले सभापतिमा उम्मेद्वारी दर्ता गराएका थिए । तर खड्काले उम्मेदवारी फिर्ता लिएर जोशीलाई समर्थन गरे । नेविसंघका संस्थापन इतर नेता शिव भट्टराई आरआर क्याम्पसमा आफ्नो संगठन एकताबद्ध रहेको बताउँछन् । 'आरआरमा कुनै समस्या छैन, मिलेरै अघि बढेका छौं', नेविसंघका केन्द्रीय सदस्य भट्टराई भन्छन्, 'मिलेर बढ्दा हाम्रो उम्मेदवारी थप बलियो बनेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'द्रोपदी' कन्टेन्ट हिरो भएको फिल्म हो : निर्देशक आचाय

काठमाडौं/'द्रोपदी' भन्ने वितिक्कै धेरैलाई याद आउने भनेको महाभारतकी प्रमुख पात्र द्रोपदी नै हो । तर, अब यो नाम आउँदा फिल्मलाई पनि याद गर्नुपर्नेछ । किनकि, 'द्रोपदी' नाममा फिल्म बनेको छ, जुन यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । नाम महाभारतको पात्रबाट लिइएको भएपनि यो धार्मिक फिल्म होइन । द्रोपदी नामकी महिला पात्रमा केन्द्रित भएर फिल्मले बहुपति प्रथाको कथा भनेको छ ।

फिल्मलाई ऋषिराज आचार्यले लेखन एवं निर्देशन गरेका हुन् । यसमा उनी स्वयं शीर्ष भूमिकामा छन् । उनका अनुसार 'द्रोपदी'को कथा लेख्न ४ वर्ष लागेको थियो । उनी भन्छन्, 'फिल्म क्षेत्रमा २ दशक विताइरहँदा मलाई के लाग्यो भने केही नयाँ चिज बन्यो भने पछिसम्म नाम रहिरहनेछ । त्यसैले पछिसम्म छाप छाड्ने फिल्म बनाउँ भन्ने उद्देश्यले मैले ४ वर्ष लगाएर यसको कथा लेखेको हुँ ।'

निर्देशक आचार्यलाई कथा लेखिसकेपछि सबैभन्दा ठूलो चिन्ता लोकेसनलाई लिएर भएको थियो । कथाले हिमाली भूगोल मागेकाले कहाँ खिच्ने भन्ने अन्योलमा थिए उनी । भन्छन्, 'यसको कन्टेन्ट त राम्रो छ । तर, त्यही अनुसारको लोकेसनमा खिच्न नसकिएला कि भन्ने चिन्ता पनि थियो । कथा अनुसार हामी दुर्गम हिमाली भेग जानुपर्ने थियो । मुस्ताङ, हुम्ला हेरि सकेपछि हामीले डोल्पा रोज्यौं ।'

उनका अनुसार कथाको परिवेश र पात्रअनुसार अडिसनबाट कलाकार छनोट गरेर दुई महिनाको वर्कसपपछि छायांकन थालिएको हो । उनले 'द्रोपदी'मा कलाकार भन्दा पनि कन्टेन्टलाई हिरो मानेका छन् । भन्छन्, 'यसमा को कलाकार छ भन्दा पनि यो कन्टेन्ट हिरो भएको फिल्म हो । पछिल्लो समय अर्गानिक फिल्मप्रति दर्शकहरुको चासो देखिएकाले 'द्रोपदी' पनि मन पर्नेमा विश्वस्त छौं ।'

यो फिल्ममा ऋषिराज सहित आश्विनी शाही, रवि ओड, कविराज भाम, सुजाता तिमल्सेना, विष्णु ठडराई, जेल्सन अधिकारी, प्रकाश ज्ञवाली, सुरज अधिकारी लगायतको अभिनय रहेको छ । गायक रवि ओडले यही फिल्मबाट डेब्यु गरेका हुन् । फिल्ममा निर्देशक आचार्य र प्रकाश ज्ञवाली निर्माता तथा विष्णु ठडराई सह-निर्मातामा छन् । फिल्मलाई मोहनकुमार झिल्लुले छायांकन गरेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पुत्ला जलाउँदै नेता बनेकाहरू फोटो जलाउनेलाई थुन्न थाले

काठमाडौं, ३ चैत/कुनै बेला मन नपरेको नेतालाई 'देश छोड' नारा लगाउँदै, अनि पूर्वराजादेखि थुप्रै दिवंगत नेताहरूको पुत्लादहन गर्दै नेता बनेकाहरू अचेल सामान्य विरोधबाजी समेत पचाउन कठिन मानिरहेका छन् । गणतान्त्रिक संविधानकै खिलाफ हुनेगरी प्रतिशोध साँध्न पहिले पक्रिहाल्ने, पछि कानुनी प्रावधानबारे विचार गर्ने सरकारी रवैयाले आइतबार पनि निरन्तरता पायो ।

अहिले सत्तामा नरहेका प्रमुख विपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तस्वीर जलाएर सांकेतिक विरोध जनाएको आरोपमा प्रहरीले आइतबार भरतपुरबाट राप्रपाका कार्यकर्ता निराजन बमलाई पक्राउ गऱ्यो । हेटौंडामा शनिबार आयोजित कार्यक्रममा प्रचण्डको फोटो जलाएको आरोपमा पक्राउ परेका उनीमाथि आइतबार अपराह्नसम्म के अभियोगमा पक्राउ गरिएको हो भन्नेबारे प्रहरी स्वयं स्पष्ट थिएन । चौतर्फी आलोचनापछि मात्रै आइतबार अबेर उनी रिहा भए ।

आइतबार दिउँसोसम्म बम समातिएको घटनाको चौतर्फी विरोध भइसकेको थियो । सरकारको रवैयाप्रति प्रश्न उठाउँदै उनै माओवादी केन्द्र अध्यक्ष प्रचण्डले फोटो जलाउँदैमा कसैलाई पक्राउ गर्न नहुने अभिव्यक्ति दिए ।

साइबर अपराधको कसुर आकर्षित नहुने र सार्वजनिक उपद्रवको अभियोग सम्भव नहुने देखेपछि अन्ततः बम आइतबार साँझ रिहा भए । राजावादी विचारलाई मान्ने राप्रपाका कार्यकर्ता बमका विचार पनि सुरक्षित हुन पाउने प्रत्याभूति गणतान्त्रिक व्यवस्थाले गरेको छ । तर सरकारको शैलीमा त्यो अभिव्यक्त भएन ।

त्यसैले बम समातिएको, अनि छुटेको प्रकरण यति बेला केवल व्यक्तिगत मामिलामात्रै बनिरहेको छैन । केही वर्षयता सार्वजनिक टिकाटिप्पणी र आलोचना सहन नसक्ने सत्ताको चरित्र बारम्बार प्रकट हुने गरेको देखिन्छ ।

विगतमा शाहवंशीय राजा वीरेन्द्र, ज्ञानेन्द्र, अनि त्यस बेलाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापा, लोकेन्द्र बहादुर चन्द लगायत कार्यकारीहरू विरुद्ध कहिले पुतला जलाएर, कहिले सामाजिक जीवनमा पचाउनै कठिन पर्ने कडा नाराहरू लगाएर सत्तामा



उक्लिएका गणतन्त्रका नेताहरूकै पालामा अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउन कोसिस भइरहेको सार्वजनिक आलोचना जारी छ । तिनै 'अग्रगामी' नेताहरू सत्ता या प्रतिपक्षमा हुँदा विरोधबाजी गर्नेविरुद्ध प्रतिशोध साँध्ने क्रमले निरन्तरता पाइरहेको भन्दै नागरिक समूहहरूले औंला उठाउन थालेका छन् । अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउन विभिन्न समयका विभिन्न सरकारले गरेका कोशिसहरूको लामै शृंखला खिच्न सकिन्छ ।

सामाजिक सञ्जालमा समाचार शेयर गरेको आरोपमा २०७५ भदौंमा खोजतलास न्यूज डट कमका सम्पादक राजु बस्नेत पक्राउ परे । उनले जनप्रतिनिधि कि जग्गा दलाल शिर्षकमा समाचार लेखेको आरोपमा प्रहरीले साईबर अपराधको आरोपमा पक्राउ गरेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको मृगौला उपचारसँग जोडिएको रकम तथा अन्य स्रोतको विषयमा सांकेतिक व्यग्य गरेपछि वैशाख, २०७७ मा पूर्वसचिव भीम उपाध्याय पक्राउ परेका थिए । पछि उनले अदालतबाट सफाइ पाए ।

इन्टरनेटको माध्यमबाट व्यक्तिको चरित्रहत्या वा सार्वजनिक शिष्टाचारमा प्रतिकूल असर पर्ने अवस्थामा मात्रै विद्युतीय कारोबार ऐन आकर्षित हुनुपर्नेमा इन्टरनेटबाट प्रवाह भएको गालीबेइज्जती एवं आक्रोशमाथि समेत प्रहरीले व्यक्ति पक्राउ गरेर प्रतिशोधपूर्ण क्रियाकलाप जारी राखेको देखिन्छ । कालीगण्डकी बचाउँ अभियान चलाएका पर्वतका पत्रकार आरके अदिप्त गिरी साउन, २०८० मा पक्राउ परे । कालीगण्डकीमा रोडाढुंगा उत्खननको विरोध र खबरदारी गरिरहेका उनी पत्रकारहरूकै जाहेरीका आधारमा पक्राउ परेका थिए । चौतर्फी विरोध भएपछि उनी रिहा भए ।

व्यक्तिको फोटो अर्कोसँग जोडेर चरित्रहत्या गर्ने, अश्लिल एवं नग्न सामग्री प्रकाशित गरेमा आकर्षित हुने कानूनी व्यवस्थाको दुरुपयोग गरेर समेत व्यक्ति पक्राउ परेका छन् । शक्ति र पहुँचमा भएका व्यक्तिहरूको समाचार लेखेकै आधारमा विद्युतिय कारोवार ऐनको उल्लंघन गरेको आरोपमा मुद्दा चलेका कैयौ उदाहरण छन् ।

कतिसम्म भने विपक्षमा बसेर सरकारलाई सुझाव दिने उनै प्रचण्डसमेतले आफू प्रधानमन्त्री छँदा फरक विचारलाई नियन्त्रण गर्न उद्धत हुने गरेका छन् । टिकटक बन्द त्यसैको दृष्टान्तमात्रै थियो, जुन निर्णय गर्दा बेला उनी प्रधानमन्त्री थिए । अरु बेला प्रचण्डको आलोचना गर्ने सत्ता प्रतिपक्षी नेतामध्ये थुप्रैले परोक्ष रुपमा प्रचण्ड कदमको समर्थन गरेका थिए, जसबाट नागरिकको अभिव्यक्तिमा बन्देजको सुरुवात भएको थियो ।

के कुनै व्यक्तिलाई थुनेको भरमा, वा कुनै प्लाटफर्म बन्द गराएका भरमा नागरिकलाई चुप लगाउन सकिन्छ ? वा के समाजबाट गालीबेइज्जती पूर्णतः नियन्त्रण गर्न सम्भव छ ?

**विज्ञहरू भन्छन्, छैन ।**

पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाल कुनै व्यक्तिमाथिको गालीबेइज्जती भएको रहेछ भने पनि देवानी प्रक्रियाबाट कानुनी उपचार खोजिनुपर्ने बताउछन् । मर्का परेको महसुस गरेको व्यक्तिले सम्बन्धित व्यक्तिविरुद्ध अदालतमा मुद्दा दिने र त्यहीबाट क्षतिपूर्ति भराउनुपर्नेमा प्रहरीको दुरुपयोग गरेर पक्राउ गर्ने र केही दिन भए पनि थुनामा राखिदिने प्रवृत्ति मौलाउँदो छ । पूर्वसभापति दाहाल भन्छन्, 'तस्वीर जलाउने काम विरोधको सामान्य प्रक्रिया हो । त्यसबाट आफ्नो प्रतिष्ठामा क्षति भएको महसुस भए सम्बन्धित व्यक्ति अदालत जाने बाटो खुला छ । तर विरोध गर्नेहरूलाई पक्राउ गर्ने तहमा जान र राज्यसंयन्त्र असहिष्णु बन्न जरुरी छैन ।'

कसैले इन्टरनेट वा अन्यत्र सार्वजनिक रुपमा गर्ने विरोध र आलोचनाले सम्बन्धित व्यक्तिको प्रतिष्ठामा आघात पुग्छ भने उसले कानुनी उपचार खोज्दै अदालत जान पाउँछ । गालीबेइज्जती स्थापित भएमा दोषी ठहरिएको व्यक्तिले नै क्षतिपूर्ति भर्नुपर्छ । गालीबेइज्जतीको अभियोगमा व्यक्तिलाई थुनामा राख्ने भन्दा पनि क्षतिपूर्ति तिराएर उसलाई गल्तीबोध गराउने विश्वव्यापी मान्यता छ ।

'यदि कसैले आफ्नो गालीबेइज्जती भएको महसुस गर्छ भने सम्बन्धित व्यक्ति नै कानुनी उपचारका लागि अदालत जानुपर्छ,' अधिवक्ता स्वागत नेपाल भन्छन्, 'राज्यसंयन्त्रको दुरुपयोग गरेर व्यक्तिलाई पक्राउ गर्नु गलत हो । यस्ता क्रियाकलापले ठालूहरूका लागि एउटा कानुन र सर्वसाधारणका लागि अर्को कानुन लाग्ने अवस्था भयो ।' अदालतको फैसला तथा न्यायिक मतहरूबाट अमेरिका, बेलायत जस्ता मुलुकहरू विचार तथा अभिव्यक्तिको मामिलामा उदार छन् । अमेरिकी राष्ट्रपति जर्ज बुसले इराकमा जुत्ता प्रहार भएको घटनापछि उनलाई जुत्ता हान्ने भिडियो गेम नै बनेको थियो । आफ्नै राष्ट्रपतिको अपमान हुनेगरी निर्माण भएको मनोरञ्जनात्मक माध्यमप्रति अमेरिकी राज्यसंयन्त्र अनुदान बनेन । कतिपय विज्ञहरूको भनाइमा, अमेरिकामा झण्डा जलाउने कामलाई पनि उदारतापूर्वक हेरिन्छ ।

डिजिटल माध्यमबाट प्रवाह हुने विचार तथा अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने अधिवक्ता सन्तोष सिग्देलका अनुसार, समाजमा चरम घृणा फैलाएर साम्प्रदायिक सदभाव बिग्रिने र शान्ति सुव्यवस्थामा असर परेको अवस्था बाहेक अभिव्यक्तिका कारण व्यक्ति पक्राउ हुने अवस्था छैन ।

जनमत पार्टीका अध्यक्ष सीके राउतकै भनाईलाई आधार मान्ने हो भने, 'सिंहदरवारमा आगो लगाइदिने' चेतावनी दिएका काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहलाई तत्कालीन प्रधानमन्त्री प्रचण्डले पक्राउ गर्नुपर्ने सम्मको धारणा बनाएका थिए, जसमा कांग्रेस सभापति शेरबहादुर देउवाले 'बोल्न दिनुस् न, बोल्दैमा के हुन्छ र' भन्दै थुमथुम्याउनु परेको थियो । प्रहरीले बारम्बार साइबर अपराध वा अरु अभियोग लगाएर व्यक्ति पक्राउ गर्ने र उसलाई विरोधजन्य गतिविधिमा निषेधित गर्ने प्रवृति बढ्दो छ ।

विरोध र आलोचनाका घटनामा राज्यसंयन्त्रमा रहनेहरू 'प्रतिक्रियात्मक' भएकोमा उनी आश्चर्य मान्छन् । राज्यसंयन्त्रमा रहेकाहरू कुनै सार्वजनिक सभा समारोहमा जाँदा कालोझण्डा देखाउने र नारावाजी गर्नेहरू पक्राउ पर्ने र छुट्ने गरेको घटनाको त कुनै लेखाजोखा नै छैन । 'सामान्य अभिव्यक्तिलाई पनि अतिरञ्जनायुक्त रुपमा हेर्ने अनि पक्राउ गर्ने र मुद्दा चलाएर निरुत्साहित गर्ने अभ्यास हुँदै आएको छ' अधिवक्ता सिग्देल भन्छन्, 'हामीले तिमीहरूमाथि निगरानी गरिरहेका छौं, यो तहको विरोधमा जानु उचित छैन, नत्र राज्यले सहदैन भन्ने सन्देश दिन बारम्बार यस्तो धरपकड गरिएको हुनसक्छ ।' बम पक्राउ र रिहाईको प्रसंगमा राज्यको उपल्लो तहबाट यस बेलासम्म कुनै प्रतिक्रिया आएको छैन, तर नेताविशेषविरुद्ध बोलेको वा प्रदर्शन गरेको नजिरका आधारमा थुन्ने सरकारी रवैयाको नागरिक तहमा विरोध भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# उपभोक्ता अदालत कार्यान्वयनमा, कसरी माग्ने क्षतिपूर्ति ?



काठमाडौं, ३ चैत/ बजारमा किनमेल गर्दा ठगिए उपभोक्ताले क्षतिपूर्ति माग्न पाउने अधिकार सुनिश्चित गर्दै उपभोक्ता अदालत कार्यान्वयनमा आएको छ । विश्व उपभोक्ता दिवस अवसर पारेर शनिबार काठमाडौंमा उपभोक्ता अदालतको औपचारिक उद्घाटन गरियो । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले उपभोक्ता अदालत उद्घाटन गर्दै अब उपभोक्ताले न्याय पाउने बताए । साथै, सेवाको गुणस्तरमा समेत नयाँ मानक स्थापित हुने उनको भनाइ छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले यो अदालत उपभोक्ता हक अधिकार संरक्षणमा कोशेढुंगा सावित हुने बताए । लामो समयदेखि बहसमा मात्र सीमित उपभोक्ता अदालत गठन गर्ने प्रक्रियाले यसै वर्ष मूर्तरूप पाएको हो । गत माघमा बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यकाभित्रका जिल्लाका मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकार सहित उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो ।

यसले संविधानको धारा ४४ अन्तर्गत उपभोक्ताको हक सुरक्षित गरेको छ । बजारमा मालवस्तु तथा सेवा खरिद गर्दा उपभोक्ताले आफूलाई हानि नोक्सानी महसुस गरे उपभोक्ता अदालतमा बिलबिजक सहित अब सिधै उजुरी गर्न सक्छन् । त्यसमा उपभोक्ता अदालतले क्षतिपूर्ति भराउन सक्छ ।

दोस्रो, सरकारका विभिन्न अंगका प्रमुखहरूले उपभोक्ता हित विपरीत काम भएको ठाने प्रहरीको जस्तै अधिकार लिएर मुद्दा चलाउन सक्छन् । तोकिएका जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, वाणिज्य विभागका उच्च तहका अधिकारी सहितले यस्तो अधिकार पाउँछन् ।

अर्थात्, उपभोक्ता संरक्षण ऐन बमोजिमका कसुरका मुद्दा र सरकारले तोकेका उपभोक्ता हित सरोकारका अरू मुद्दा यस्तो अदालतले हेर्ने छ । यससँगै प्रतिष्ठानहरू दर्ता भए-नभएको, कर छली भए-नभएको विषय समेत हेर्ने हुँदा त्यसले बजारमा भइरहेको कर छली वा कालोबजारी पर्दाफास गर्न ठूलो भूमिका खेल्ने सरोकारवालाले बताएका छन् । उपभोक्ता अदालत गठन नहुँदा अहिले जिल्ला अदालतमा जानुपर्ने झन्झटिलो प्रक्रिया समेत हट्ने छ । उपभोक्ता अदालत गठनमा सर्वोच्च अदालतले यसअघि नै परमादेश जारी गरेको थियो । विभिन्न पटक अन्तरिम आदेश जारी भएका थिए ।

तर, लामो समयसम्म सरकार उपभोक्ता अदालत गठनमा उदासीन रहँदै आएको थियो । उपभोक्ता अदालत गठन गर्नेबारे सरकारले गत भदौमा एक समिति गठन गरेको थियो । जसमा अदालत रहने स्थान, सम्भाव्य मुद्दा, खर्च व्यवस्थापन सहित विषय समेटेर प्रतिवेदन दिन भनिएको थियो ।

यस पटक सरकारले उक्त प्रयोजनका लागि १ करोड रुपैयाँ हाराहारी मात्र बजेट विनियोजन गरेको थियो । सोहीकारण पहिलो चरणमा उपभोक्ता अदालत गठन गरी काठमाडौं उपत्यका भित्रबाट कारबाही थाल्ने निर्णय गरिएको हो । अहिले उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका कसुरसँग सम्बन्धित कारबाही र किनारा गर्ने क्षेत्राधिकार उपभोक्ता अदालतले पाएको छ ।

यसअघि १२ कात्तिकमा न्यायपरिषद्ले काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मा अध्यक्ष रहने गरी उपभोक्ता अदालत गठनको सिफारिस गरेको थियो । सदस्यमा गेहेन्द्रराज रेग्मी र आनन्द पोखरेल छन् । जिल्ला अदालतमा विचाराधीन उपभोक्ता हितसँग सम्बन्धित मुद्दासमेत यसै अदालतबाट हेर्ने गरी सर्नेछन् ।

**के छ उपभोक्ता संरक्षण ऐनमा ?**

उपभोक्ता संरक्षण ऐन २०७५ ले हरेक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । ऐन अनुसार उत्पादक आफूले उत्पादन गरेको वस्तुमा अनिवार्य लेबल लगाउनु पर्छ । त्यसमा तोकिए अनुसारका विवरण उल्लेख गर्नुपर्छ ।

यस ऐन अनुसार वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट लुकाइ, ढाँटी वा झुक्याइ त्यस्तो वस्तु वा सेवा बिक्री गर्न पाइँदैन । भ्रमपूर्ण विज्ञापन गर्न पाइँदैन । तोकिएभन्दा बढी मुनाफा लिएर बिक्री वितरण गर्न पाइँदैन । मूल्यसूची अनिवार्य राख्नुपर्छ । तोकिएको मापदण्ड अनिवार्य पालना गर्नुपर्छ । यसै ऐनमा उपभोक्ता अदालत सम्बन्धी व्यवस्था समेत छ । ऐन अनुसार अदालतको अधिकार क्षेत्र प्रयोग सबै सदस्यले सामूहिक गर्न सक्ने छन् ।

तर, कम्तीमा एक सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेक बाहेक अन्य कार्यविधिगत कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले थुनछेक लगायत अन्य जुनसुकै कारबाही गर्न सक्ने गरी तोकिएको छ । मुद्दामा तीन सदस्यकै फरक राय आयो भने अध्यक्षको राय बमोजिम र मुद्दाको निर्णय वा अन्तिम आदेश वा निर्णय नभएको विवरण सहित सम्बन्धित उच्च अदालतमा पठाउनुपर्ने छ ।

यस अदालतको निर्णयमा चित्त नबुझे ३० दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिने प्रावधान समेत छ । यस ऐन अनुसार आफूलाई हानि नोक्सानी पुगेको मितिले ६ महिनाभित्र उजुरी गर्न सकिने प्रावधान छ । उपभोक्ताको मृत्यु भइसकेको अवस्थामा हकवालाले समेत उजुरी दिन सक्छन् । अहिले उद्योग विभाग परिसरमा उपभोक्ता अदालत राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भेडापालनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारले किसानलाई दियो गोठालो भत्ता

जुम्लां, ३ चैत/दुई सय ३० जना भेडापालक किसानलाई गोठालो भत्ता वितरण गरिएको छ । आठवटै स्थानीय तहका भेडापालक मध्ये ५० भन्दा बढी भेडा पाल्नेलाई प्रोत्साहन बापत् गोठालो भत्ता प्रदान गरिएको पशु अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख ज्ञानेन्द्र बुढ्थापाले जानकारी दिए ।



जिल्लाका भेडापालक किसानलाई कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट चालु आर्थिक वर्षका लागि ४५ लाख प्रोत्साहन भत्ता कार्यक्रमका लागि बजेट विनियोजन गरेको थियो । मन्त्रालयको कार्यविध अनुसार फर्म दर्ताको प्रमाणपत्रसहित करचुक्तासम्बन्धी वडाको सिफारिस, कार्यालयबाट भएको अनुगमनको आधारमा दुई सय ३० जना भेडापालक किसानलाई १८ हजारका दरले प्रोत्साहन स्वरुप भत्ता वितरण गरिएको कार्यालय प्रमुख बुढ्थापाले जानकारी दिए ।

जिल्लामा भेडा मात्र पाल्ने किसान करिब एक हजार सात सयभन्दा बढी छन्रु। यहाँका आठवटै स्थानीय तहमा ८८ हजार तीन सयभन्दा धेरै भेडा पालिएका छन् । प्रोत्साहन भत्ताबापत् १८ हजार पाएपछि थप भेडापालनमा टेवा पुगेको छ । आर्थिक अभावले व्यवसायलाई असर परेको थियो ।

सरकारले भेडापालक किसानका लागि भनेर आर्थिक सहयोग दिन थालेपछि थप व्यवसाय गर्न सहज भएको ५० वटा भेडापालक किसान सिँजा गाउँपालिका-६ का सुवा रावतको भनाइ छ । सबैभन्दा बढी तातोपानी गाउँपालिकाका किसानले भेडा पालेको पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाले जनाएको छ ।

# काम खोज्दै ८ महिनामा विदेशिए ५ लाख ३४ हजार नेपाली

काठमाडौं, ३ चैत/चालु आर्थिक वर्ष २०८१/८२ को ८ महिना (साउन-फागुन) मा कामको खोजीमा झन्डै साढे ५ लाख युवाले देश छाडेका छन् । वैदेशिक रोजगार विभागका अनुसार फागुनमा मात्र ६८ हजार ९ सय ६३ युवाले श्रम स्वीकृति लिएका छन् । योसँगै यस वर्ष कुल ५ लाख ३४ हजार ४ सय ७१ युवाले देश छाडेको देखिन्छ ।

यो संख्या गत आव २०८०/८१ को यसै अवधिको तुलनामा ६३ हजारभन्दा धेरै हो । अघिल्लो वर्ष ८ महिनामा ४ लाख ७१ हजार युवाले श्रम स्वीकृति लिएको देखिन्छ । यो नयाँ तथा पुनः श्रम स्वीकृति लिने युवाको संख्या हो । नेपालबाट अहिले मासिक औसत ६६ हजार ८ सय ८ युवा काम खोज्दै विदेशिने गरेका छन् । प्रतिदिन औसत २ हजार २ सय २७ युवाले देश छाडेको देखिन्छ ।

**यूएई मुख्य गन्तव्य**

यस वर्ष नेपालीको प्रमुख गन्तव्य खाडी मुलुक युनाइटेड अरब इमिरेट्स (यूएई) रहेको छ । विभागका अनुसार फागुनमा मात्र यूएईका लागि २५ हजार १ स य१७ जनाले श्रम स्वीकृति लिएका छन् । योसँगै ८ महिनामा यूएईका लागि कुल १ लाख ७३ हजार २ सय ५० जनाले श्रम स्वीकृति लिएका छन् ।



यस वर्ष विदेशिएका कुल युवामध्ये यूएई गएको संख्या ३२.४१ प्रतिशत छ । यूएईपछि साउदी अरब, कतार, कुवेत, मलेसिया प्रमुख गन्तव्य रहेको देखिन्छ । यद्यपि, यस वर्ष मलेसियाको रोजगारीमा भने भारी गिरावट आएको छ । गत वर्ष प्रमुख गन्तव्य मलेसिया रहेकोमा यस वर्ष पाँचौं स्थानमा झरेको छ । यस वर्ष फागुनमा जम्मा ३ हजार ७ सय १५ युवाले मात्र मलेसियाका लागि श्रम स्वीकृति लिएको देखिएको छ ।

जापानमा १ हजार ९ सय ६६ र कोरियामा १ हजार ८ सय ८३ जनाले श्रम स्वीकृति लिएका छन् । क्रोएसिया, रोमानिया, ओमान, बहराइन समेत धेरै नेपाली श्रम गर्न जाने देशमा पर्छन् ।

**घटेन अदक्ष कामदारको विदेश यात्रा**

यस वर्ष पनि नेपालबाट अदक्ष कामदारको विदेश यात्रा घट्न नसकेको तथ्यांकले देखाएको छ । फागुनमा मात्र २० हजार ८ सय २४ अदक्ष कामदार विदेशिएका छन् । माघमा यो संख्या २२ हजार ३ सय ७४ थियो । त्यस्तै पुसमा २० हजार ५ सय ६६ अदक्ष कामदारले श्रम स्वीकृति लिएका थिए । मंसिरमा अदक्ष कामदार संख्या २१ हजार ७ सय १६ थियो । कात्तिकमा यो संख्या १५ हजार ९ सय ७१ थियो ।

**कुन महिना कति विदेशिए ?**

यस वर्ष साउनमा ५९ हजार ५ सय ७५ जना विदेशिएको तथ्यांक छ । भदौमा ५७ हजार ४ सय ९३, असोज ५३ हजार ५ सय २५, कात्तिक ७० हजार ९ सय ९०, मंसिर ८४ हजार २ सय २६ र पुसमा ६७ हजार २ सय ५८ जना विदेशिएका थिए ।

त्यस्तै माघमा ७२ हजार ४ सय ४१ जनाले श्रम स्वीकृति लिएका छन् । चाडबाड लगत्तै नेपालीहरू बढी विदेश जाने गरेको ट्रेन्ड देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारतबाट गहुँ आयात गर्न ७ व्यापारिक प्रतिष्ठान छनोट

काठमाडौं, ३ चैत/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले भारतबाट कोटाको ९० हजार टन गहुँ आयात गर्न ७ वटा व्यापारिक प्रतिष्ठान छनोट गरेको छ ।

भारतले नेपाललाई कोटा सुविधा अन्तर्गत उपलब्ध गराएको ९० हजार टन गहुँ आयात गर्न विभागले ती व्यापारिक प्रतिष्ठान छनोट गरेको हो ।

गहुँ आयात गर्न काठमाडौंका कालीमाटीस्थित विशाल ट्रेड लिंक, कुलेश्वरस्थित श्यामबाबा इन्टरप्राइजेज र गुञ्जेश्वरी ट्रेड लिंक, वीरगञ्जस्थित जोश नेपाल ट्रेडर्स, कैलालीस्थित मन्सा इन्टरनेसनल र काठमाडौं डिल्ली बजारको दुर्गा ब्रदर्स कन्सर्न र ज्ञान इन्टरप्राइजेजलाई विभागले छनोट गरेको छ ।

छनोटमा परेका व्यापारिक प्रतिष्ठानलाई कोटा पनि प्रदान गरिएको छ । ती प्रतिष्ठान प्रत्येकले ३ हजार टनका दरले गहुँ आयात गर्न पाउने छन् ।

विभागले गत १४ देखि २० माघसम्मको समय राखेर भारतबाट कोटाको गहुँ आयात गर्न आवेदन माग गरेको थियो । ती फर्मले न्यूनतम २ सय टन र बढीमा १० हजार टनसम्म गहुँ आयात गर्न पाउने सर्त राखेको थियो ।

भारतको नेसनल कोअपरेटिभ एक्स्पोर्ट लिमिटेडबाट कोटा प्राप्त भएको मितिले तीन महिनाभित्र आयात गरिसक्नुपर्ने छ भने अनुमति प्राप्त गरेका कम्पनीले गहुँ आयात गर्न नसक्ने भए अनुमति पाएको मितिले १५ दिनभित्र विभागलाई जानकारी दिनुपर्ने छ ।

विभागले उल्लेख गरेअनुसारको नियममा रहेर गहुँ आयातका लागि ५९ वटा व्यापारिक प्रतिष्ठानको आवेदन परेको थियो । जसमध्ये ७ प्रतिष्ठानलाई छनौट गरिएको विभागल् जारी गरेको सूचनामा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*


## सटर भाडामा

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- ☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- ☞ नयाँ मोडलको गाडीहरु ।
- ☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- ☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना